
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २३ • २०८० साल जेठ २९ गते सोमबार (12 June, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## वीरगञ्जको नालामा एक सय दुई राउण्ड गोली

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगन्ज महानगरपालिका-१० मा रहेको मूख्य नालाबाट ठूलो परिमाणमा गोली बरामद भएको छ ।

आइतबार बिहान ९ बजेको समयमा नाला सफाइको क्रममा विभिन्न ठूला-साना हतियारमा प्रयोग हुने १ सय २ राउण्ड गोली बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

वर्षौंदेखि सफा हुन नसकेको नालालाई वीरगन्ज महानगरपालिकाको जेसीबी प्रयोग गरी सफा गर्ने क्रममा हिलोको लेदोमा शंकास्पद प्लाष्टिकको झोला फेला परेको थियो । सो झोला फेलापरेपछि सफाइका कर्मचारीहरुले तत्काल प्रहरीलाई खबर गरेका थिए ।

सूचना पाए लगत्तै आदर्शनगर प्रहरी चौकीबाट प्रहरी टोली खटाइएको पर्साका प्रहरी उपरीक्षक(एसपी) कमल शाहले जनाएका छन् ।

स्थानीय जनप्रतिनिधिको रोहबरमा उक्त प्लास्टिकको झोला खोलेपछि विभिन्न प्रकारका हतियारमा प्रयोग हुने १ सय २ राउण्ड गोली बरामद गरिएको एसपी शाहले जनाए ।



उनकाअनुसार हर्नेटको गोली १७ राउण्ड, एसएलआरको ४ राउण्ड, ९ एमएमको ३२ राउण्ड, ३८ बोरको २४ राउण्ड, ४५ एमएमको ४ राउण्ड, फेडेरलको ८ राउण्ड, विनचेस्टरको ५ राउण्ड, ७ एमएमको १ राउण्ड, बिग्रेको खोखा ४ राउण्ड बरामद भएको छ ।

'बरामद भएका गोलीहरु अत्यन्त पुरानो रहेको र सोमध्ये अधिकांश बिग्रिसकेको छ' शाहले भने,'यो अत्यन्त पुरानो नाला हो यसको वर्षौंदेखि सफाइ भएको छैन र हिलोको लेदोबाट फोहरमा रहेको झोला भित्र राखिएको गोली बरामद भएको छ ।'

गोली बरामद भएपछि तत्काल प्रहरी परिचालन गरी बिहानदेखि बेलुकीसम्म दिनभरि खोजतलास समेत गरिएको तर आसपासको दुई तीन सय मिटरमा केही पनि फेला नपरेको उनले बताए ।

बरामद गरिएका गोलीहरु मध्ये चेक जाँच गरी लाइभ (जीवित) गोलीहरुलाई कानुनी प्रक्रिया अनुसार बरामदगीमा राखिने र खिया लागेर बिग्रिसकेका गोलीहरुलाई नष्ट गरिने एसपी शाहले बताए । उनले घटनाको अनुसन्धान जारी रहेको बताए ।

प्रहरीका अनुसार माओवादी द्वन्दको बखत नालामा गोली फालिएको हुने अनुमान छ । प्लाष्टिकको थैलामा राखेर गोली नालामा फालिनु त्यसको फेरि प्रयोगका लागि नभै अबैध हातहतियार मुद्दाबाट जोगिन फालेको हुन सक्ने प्रहरी अधिकारीहरुको अनुमान छ ।

# मधेश सरकारले ३५ अर्बको बजेट ल्याउने

## 'वाटर एटीएम' आकर्षक योजना, सभासदका लागि ३ करोड

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याउने बजेट बनाउने काम अन्तिम चरणमा पुगेकोछ । संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्छ ।

सरकारले करीब ३५ अर्बको बजेट ल्याउने तयारी गरिरहेको अर्थ सचिव प्रेमप्रसाद भट्टराईले बताए ।

'चालु वर्षभन्दा आगामी वर्षमा बजेटको आकार घटेर आउने छ ' उनले भने, बीस अर्ब मधेश प्रदेश सरकारको र १५ अर्ब संघीय सरकारले दिने अनुदान रकमसहित प्रदेश सरकारले करीब ३५ अर्बको हाराहारीमा बजेट ल्याउन लागेको छ । सबै मन्त्रालयलाई पठाइएको बजेट सिलिङ र मार्गनिर्देशनको आधारमा बजेट निर्माण भइरहेको सचिव भट्टराईले बताए ।

अधिकांश मन्त्रालयको बजेट निर्माण अन्तिम चरणमा रहेको उनले जनाए । केन्द्रले यस वर्ष २२ प्रतिशत बजेट कटौती गरी पठाएकोले बजेटको आकार साँगुरिएको उनले खुलाए ।

आगामी बर्षको लागि संघीय सरकारले १५ अर्ब मात्रै पठाएको उनले बताए । जुन चालु आर्थिक वर्षभन्दा २२ प्रतिशतले कम छ । चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो । चालु आर्थिक वर्षमा भएको खर्च अवस्था र राजस्व संकलनमा आएको गिरावटका कारण बजेट घटेको उनले बताए ।

सरकारले ल्याउन लागेको बजेटमा धेरै नयाँ योजना पनि समावेश छन् । खानेपानी मन्त्रालय अन्तर्गत 'वाटर एटीएम' योजना

> सरकारले ल्याउन लागेको बजेटमा धेरै नयाँ योजना पनि समावेश छन् । खानेपानी मन्त्रालय अन्तर्गत "वाटर एटीएम' योजना राखिएको छ । यस योजनाले करीब दुई सय सार्वजनिक ठाउँमा शुद्ध खानेपानीको व्यवस्था गर्नेछन् । मधेश प्रदेशमा हाल प्रचण्ड गर्मीका कारण खानेपानीको भूमिगत मुहान तल गएकाले अधिकांश चापाकलहरु सुकेका छन् । राजमार्ग क्षेत्रमा पानीको हाहाकार नै देखा परेको छ ।

राखिएको छ । यस योजनाले करीब दुई सय सार्वजनिक ठाउँमा शुद्ध खानेपानीको व्यवस्था गर्नेछन् । मधेश प्रदेशमा हाल प्रचण्ड गर्मीका कारण खानेपानीको भूमिगत मुहान तल गएकाले अधिकांश चापाकलहरु सुकेका छन् । राजमार्ग क्षेत्रमा पानीको हाहाकार नै देखा परेको छ ।

आर्थिक वर्ष ०८०/०८१ मा करीब दश ठाउँमा वाटर एटीएम बनाइने सरकारको लक्ष्य छ । सबैभन्दा बढी बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयमा राखिएको छ । चालु आर्थिक वर्षमा पनि सर्वाधिक बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयमा नै राखिएको थियो । प्रदेश सरकारको प्राथमिकता पूर्वाधार नै रहेको छ ।

यद्यपि स्वास्थ्य, शिक्षा र कृषिलाई प्राथमिकतामै राखेर बजेट निर्माण गरिएको सचिव भट्टराईले बताए ।

प्रदेश सरकारको सर्वाधिक आम्दानीको स्रोत मालपोत कार्यालय रहेको छ । उद्योगहरुमा कर लगाइए पनि त्यो असुलीमा समस्या हुने गरेको बताइन्छ । नीति तथा कार्यक्रममा सरकारले 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमको बेटी मुद्दती कार्यक्रम छाडे पनि त्यसका लागि मालपोतबाट रकम असुल गरिन्छ ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेशसभामा गत मंगलबार एक सय ८९ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । सो नीति तथा कार्यक्रममाथि तीन दिन संसदमा छलफल भइ गत शुक्रबार सर्वसम्मतिले पारित गरिएको थियो । यस नीति तथा कार्यक्रममा नेकपा माओवादी केन्द्र असहमति जनाउँदै आएका छन् । सोही कारण माओवादी केन्द्रका सांसदहरु नियमित दुई वटा बैठक नै बहिष्कार गरेका थिए । तर नीति तथा कार्यक्रम पारित गर्न माओवादीले पनि समर्थन गरेको थियो ।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)का नेता सरोज कुमार यादवको नेतृत्वमा नेपाली कांग्रेस, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), माओवादी केन्द्र र नेकपा एस रहेको गठबन्धन सरकार छ ।

विपक्षमा नेकपा एमाले रहेको छ । तर सरकारको नीति तथा कार्यक्रमलाई सर्वसम्मतिले पारित गरिएको छ । सरकारको बजेट पनि सर्बसम्मतिले नै पारित हुने सरकारको विश्वास देखिन्छ ।






# दाइजोलाई लिएर दुई महिलाको हत्या

सर्लाही । दाइजोलाई लिएर यहाँका दुई छुट्टाछुट्टै घटनामा दुई महिलाको हत्या भएको छ । सर्लाही हरिपुर नगरपालिका वडा नं ३ स्थित फरहदवा र वडा नं ६ स्थित लक्ष्मीपुरमा दुई महिलाको हत्या भएको हो ।

वडा नं ३ स्थित फरहदवाका अब्दुल साह फकिरले अन्दाजी २३ वर्षीया श्रीमती ईदा खातुनको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरिक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

सुवेदीका अनुसार अब्दुलले श्रीमतीलाई माइतबाट रु एक लाख नल्याएको भन्दै पटक-पटक मानसिक तथा शारीरिक यातना दिने गरेका थिए । यातनापछि ईदा माइत गएको तर छलफलपछि केही समय अगाडि उनी घर फर्केको स्थानीय इन्दी मन्सुरले बताउनुभयो ।

ईदा बुबा मन्सुर साह फकिरले अब्दुल र उनका परिवारले ईदालाई पटक-पटक शारीरिक र मानसिक यातना दिने गरेको आरोप लगाउनुभयो । "इदाका पाँच वर्षे छोरा कमलेनले भनेपछि मात्रै हत्या भएको थाहा भयो, शव हेर्न जाँदा ईदाको शरीरभरि माटो लागेको र मुखमा कपडा कोचिएको थियो", बुबा साहले भन्नुभयो । कुटपिटपछि मृत्यु भएकी ईदालाई झुण्ड्याइएको थियो ।

घटनामा सङ्लग्न भएको आरोपमा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । ईदाको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल सर्लाहीमा राखिएको प्रहरीको भनाइ छ ।

साथै वडा नं ६ स्थित लक्ष्मीपुरमा जल्दै गरेको अवस्थामा एकजनाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । सोही स्थानमा बस्ने अन्दाजी ४५ वर्षिय इन्द्रकलादेवी साहलाई श्रीमान राजाराम साहले कुटपिट गरी घाइते बनाएपछि मृत्यु भएको प्रहरीको भनाइ छ । दाइजोको विषयमा विवाद हुँदा श्रीमानको कुटपिटबाट घाइते भएकी इन्द्रकलालाई उपचार नगरी घरमै राखिएको र केही समयपछि मृत्यु भएको थियो ।

इन्द्रकलादेवीको शवलाई लखन्देही नदीमा दाहसंस्कार गर्न लागिएको खबर पाएपछि शवलाई जल्दै गरेको अवस्थामा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपेन्द्र पञ्जियारले जानकारी दिनुभयो ।

"लालबन्दी र हरिवनको सिमानामा रहेको लखन्देही नदीमा जल्दै गरेको चिताबाट शवलाई नियन्त्रणमा लिई आधा जलेको शरीर बरामद गरी पोस्टमोर्टमका लागि प्रादेशिक अस्पताल सर्लाही पठाइएको छ", पञ्जियारले भन्नुभयो । इन्द्रकलादेवीका श्रीमान राजाराम घटना भएकै दिनदेखि फरार छन् । शवलाई कानुनी प्रकृया पूरा नगरी जलाउन सहयोग गर्ने छ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।रासस

# तीन पत्रकारलाई 'टेलिफल्म अवार्ड'

काठमाण्डु । तीन पत्रकार 'बक्स अफिस टेलिफिल्म अवार्ड पत्रकारिता सम्मान २०८०' बाट सम्मानित भएका छन् ।

दुई दशकदेखि आर्थिक पत्रकारितामा क्रियाशील भई हाल आर्थिक मिडिया सञ्चालक सङ्घ (इमान)का सचिवसमेत रहनुभएका पत्रकार टङ्क कार्की, तीन दशकदेखि पत्रकारितामा संलग्न राष्ट्रवाणी साप्ताहिकका सम्पादक ताराचन्द्र देवकोटा र प्रभाव राष्ट्रिय दैनिकका प्रबन्ध निर्देशक कृष्ण कार्की शनिबार मूलपानीमा आयोजित कार्यक्रममा सम्मानित हुनुभएको छ ।

बक्स अफिस इन्टरनेसनल ग्रुपका अध्यक्ष आरके सुवेदी संयोजक रहेको नेपालको एकमात्र अवार्ड हो । कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसालले यस प्रकारको सम्मानले पत्रकारिता क्षेत्रलाई प्रोत्साहन मिल्ने बताउनुभयो । कार्यक्रममा टेलिफिल्म क्षेत्रका विभिन्न विधाका उत्कृष्टहरूलाई पनि सम्मान प्रदान गरिएको थियो ।रासस

# सहर सफा बनाउने इन्दौरको अनुभव

काठमाण्डु । सहरमा कही कतै पनि फोहर देख्न पाइँदैन । धुलो त परेको कुरा । मुख्य चोकदेखि साना गल्ली तथा चोकसमेत सफा र चिटिक्क छन् । जतातत‍ै रुख रोपिएका छन् । त्यसमा नियमितरुपमा पानी हालिन्छ ।

फोहर राख्नका लागि मिलाएर राखिएका डस्टबिन छन् । सहरवासीले कुन प्रकारको फोहर हो, हेरेर त्यसैमा राख्छन् । कोही कसैले पनि सार्वजनिक स्थानमा फोहर गर्दैनन् पनि । मानिसमा चेतनाको विकास भएको छ, आफ्नो सहर, आफ्नो टोल र समुदायलाई कसरी स्वस्थ र हराभरा बनाउने । स्थानीय सरकार पनि उत्तिकै प्रभावकारी छ । सबै प्रकारको सहयोग उपलब्ध गराएको छ, आफ्ना नागरिकलाई । प्रदेश सरकार र सङ्घीय सरकारले पनि त्यसमा आडभरोसा गरेको छ ।

धुलो, धुवाँ र फोहररहित सहर बनाउने कुरा आफैँमा सामान्य र चानचुने विषय नै होइन । गरे सम्भव हुँदोरहेछ । भागवत गीतमा भने जस्तै 'तिमी आँट म पुऱ्याउँछु ।' यहाँ भएको यस्तै छ । फोहर, दुर्गन्ध र धुवाँ तथा धुलोले आक्रान्त भएको काठमाडौँको अवस्था होइन यो । यो त, छ सय ८६ माइल अर्थात् एक हजार एक सय चार किलोमिटर टाढा रहेको भारतको मध्यप्रदेशस्थित इन्दौरको अवस्था हो ।

भारतको सबैभन्दा स्वच्छ र सफा सहरको नाम राखेको इन्दौरको सकारात्मक अनुभवलाई अन्यत्र पनि अनुकरण गर्न खोजिएको छ । भारत सरकारले त्यसको प्रचारप्रसार मात्रै गरेको छैन, अनुभव साटासाट समेत गराएको छ । कुनै समय काठमाडौँ उपत्यका जस्तै फोहर रहेको इन्दौरले कसरी प्रगति गऱ्यो त ? आम मानिसमा चासो हुनु स्वाभाविक छ ।

काठमाडौँ उपत्यकामा बेलाबखतमा फोहरको समस्या बल्झने गरेको छ । फोहर व्यवस्थापन कसरी गर्ने भन्नेबारेमा सङ्घीय सरकार र स्थानीय सरकारको टाउको दुःखाइको विषयसमेत बन्ने गरेको छ । जहाँ समस्या त्यहाँ समाधान । जहाँ फोहर त्यहाँ मोहोर भन्ने नारालाई वास्तवमै आत्मसात् गरेको इन्दौरको सफल अभ्यास नेपालका लागि पनि सफल उदाहरण बन्न सक्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही जेठ १७ गतेदेखि २० गतेसम्म गर्नुभएको औपचारिक भारत भ्रमणका क्रममा इन्दौर र उज्जैनकोसमेत भ्रमणको कार्यक्रम थियो । बर्षेनी लाखौँ पर्यटक भित्र्याउन सफल ती दुई सहरको आआफ्नै विशेषता र महत्व पनि छन् । एकातिर धार्मिक पर्यटन, अर्कोतर्फ सूचना प्रविधि र औद्योगिक विकासका फड्को मात्रै गएको इन्दौरले राखेको स्वच्छ भारत अभियानको नामले सुनमा सुगन्ध थपे जस्तै भएको छ ।



फोहरलाई मोहर अनि त्यसैलाई पुनःप्रयोगको सफल उदाहरण बनेको छ इन्दौर । यसको पछाडिको रहस्य के होला ? भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री प्रचण्ड र भ्रमण दलमा सहभागी प्रतिनिधिमण्डलले पनि जान्ने कोशिस गऱ्यो । यहाँ फोहर उत्पादनको स्रोत, घरमा नै फोहरलाई विभिन्न छ भागमा विभक्त गरिन्छ । हरेक दिन नै इन्दौर नगर निगमको सवार साधनले ती फाहोर सङ्कलन गर्छ । सो सवारी साधनमा नै कुहिने, नकुहिने, प्लास्टिक, औषधिजन्य फोहर सङ्कलन गर्ने व्यवस्था गरिएको छ । इन्दौर सहरको ८५ वडामा पाँच सयभन्दा बढी फोहर सङ्कलन गर्ने सवारीसाधन पुग्छन् र सङ्कलन गर्छन् । मासु तथा माछा पसलबाट निस्कने फोहर सङ्कलनका लागि छुट्टै सवारीसाधनको व्यवस्था गरिएको छ ।

सङ्कलित फोहरलाई पहिलो चरणको व्यवस्थानका लागि १० वटा ट्रान्सफर्र सेन्टर स्थापना गरिएको छ । ती केन्द्रलाई स्वचालित बनाइएको छ । जैविक फोहरलाई विकेन्द्रित गरिन्छ । नगर निगमले फोहर व्यवस्थापनका लागि छुट्टै कानुन बनाएको छ । होटल, अस्पताल तथा धेरै फोहर उत्सर्जन गर्ने स्थानमा नै फोहर व्यवस्थापनका लागि निगमले विशेष व्यवस्था गरिदिएको छ । सहरको सबैभन्दा ठूलो तरकारी बजारमा बायोग्यास उत्पादनका लागि प्लान्ट स्थापना गरिएको छ । तरकारी बजारबाट दैनिक निस्कने २० देखि २५ टन फोहर त्यहीँ व्यवस्थापन गरिन्छ । प्लान्टले दैनिक निस्कने एक हजार किलो बराबरको बायोग्यास इन्दौर नगर निगमले सञ्चालन गर्ने शहरी बसमा प्रयोग गरिन्छ । त्यसबाट बाँकी रहने अवशेषलाई जैविक मलका रुपमा प्रयोग गरिन्छ । यसले एकातिर इन्धन खरिदका लागि जाने ठूलो रकम बचेको छ भने अर्कोतर्फ कृषि उत्पादनमा वृद्धि भएको छ ।

सहरमा रोपिएका रुख तथा बिरुवाको पातलाई समेत मल बनाइएको छ । ती मल नगर निगमले रोपेका ती बिरुवा वा रुखमा नै प्रयोग गरिन्छ । सहरभित्र कपाल काट्ने पसलबाट निस्कने कपाल व्यवस्थापनका लागि छुट्टै संयन्त्र बनाइएको छ । स्थानीय नेहरु पार्क र इन्दौर चिडियाखानाबाट निस्कने फोहर व्यवस्थापनका लागि 'अर्गानिक बेस्ट कन्भटर मेसिन' राखिएको छ । त्यसबाट दैनिक निस्कने फोहर व्यवस्थापन गरेर जैविक मल बनाइन्छ । प्लास्टिकजन्य फोहर व्यवस्थापनका लागि प्लास्टिक क्रसिङ मेसिन राखिएको छ । सार्वजनिक सवारीसाधनमा फोहोर फाल्नका लागि डस्टबिन राखिएको छ ।

दैनिक तीनदेखि चार पटकसम्म नगर निगमको विशेष बाहनले सडक बढार्ने व्यवस्था मिलाइएको छ । घरमा नै कुहिने फोहर व्यवस्थापन गरेर मल बनाउनका लागि प्रेरित गरिएको छ । त्यसबाट स्रोतमा नै कम फोहर उत्पादन हुन थालेको छ । यसलाई सहरभर नै अभियानका रुपमा अगाडि बढाइएको छ । प्लास्टिक तथा नकुहिने फोहर सङ्कलनका लागि नगर निगमले नै व्यवस्था गरेका व्यवसायीले घरघर पुगेर खरिद गर्ने व्यवस्था गरिएको छ ।

वर्षौंदेखि सहरको सार्वजनिक स्थानमा थुप्रिएको १२ लाख टन बढी फोहरलाई बायोरेमिडिशन प्रक्रियाबाट मल बनाइएको छ । त्यसबाट सहरमा नयाँ पार्क निर्माण गरी हरियाली प्रवर्द्धन गरिएको छ । बाँकी रहेका प्लास्टिकजन्य वा अन्य फोहरको पनि विशेष तवरले व्यवस्थापन गरिएको छ । फोहरमा फालिएका तर पुनःप्रयोग गर्न सकिने फोहरका लागि छुट्टै प्रबन्ध गरिएको छ । ती फोहर सिमेन्ट प्लान्ट वा प्लास्टिकजन्य सामग्री निर्माणका लागि उपयोग गरिन्छ । सो कार्यका लागि विशेष सुविधासहितको रोजगारी पनि दिइएको छ ।

दैनिक सङ्कलन हुने छ सय टन बढी फोहरलाई विशेष फोहर प्रशोधन केन्द्रमा लगिन्छ । त्यसलाई २८ दिनको विशेष प्रक्रियाबाट ८० टन बराबरको मल उत्पादन गरिन्छ । सो मल प्रतिकिलो खुला दुई रुपैयाँ र प्याकिङ गरिएको मल तीन रुपैयाँ भारुमा बिक्री गरिन्छ । उक्त मल स्थानीय किसानले खरिद गरेर लैजान्छन् भने बाँकी रहने फोहर स्थानीय पार्क तथा बिरुवाका लागि प्रयोग गरिन्छ । घर तथा आवास पुनःनिर्माणबाट निस्कने फोहर व्यवस्थापनका लागि छुट्टै प्रशोधन प्लान्ट स्थापना गरिएको छ । त्यसबाट ईंटा वा सडकमा बिछ्याउने ब्लक निर्माण गरिन्छ । सो सामग्रीसमेत नगर निगमले आफ्नै नवनिर्माणमा प्रयोग गर्ने गरेको छ ।

खासमा केही वर्ष पहिलेसम्म इन्दौर यति स्वच्छ र सफा होला भन्ने धेरैलाई लागेको थिएन, तर अहिले वास्तविकतामा परिणत भएको छ । उनीहरु भन्छन्- खासमा यो त शुरुवात मात्रै हो, लामो यात्रा अझै बाँकी छ । स्वच्छता अभियानमा सन् २०१७ मा इन्दौर पहिलोपटक पहिलो नम्बरमा आउन सफल भएको छ ।

सहरलाई स्वच्छ बनाउनका लागि आम नगरबासीले सङ्कल्प नै गरेका छन् । त्यसलाई व्यावहारिकरुपमा कार्यान्वयन गरेका छन् । शुरुआती चरणमा सहरसफाईका लागि रेडियो, टेलिभिजन पत्रपत्रिका, बालपेन्टिङ गरेर जनचेतना जगाइयो । फोहर सङ्कलनका लागि गुड्ने सवारीसाधनमा जिपिएस जडान गरिएको छ । यस्तै ५० माइक्रोनभन्दा कम प्यास्टिक प्रयोगमा प्रतिबन्ध लगाइएको छ ।

निगमका प्रमुख कार्यकारी अधिकृत हर्षिका सिंहका अनुसार इन्दौरले वातावरण संरक्षण र फोहर व्यवस्थापन गरेर मात्रै 'कार्बन क्रेडिट बिक्री गरेर' झन्डै रु १० करोड भारु बराबरको आम्दानी गरेको छ । शहरमा बिजुलीको खर्च बचाउनका लागि सौर्य प्रणाली जडान गरिएको छ । त्यसका लागि 'ग्रीन बण्ड' बिक्री गरेर स्रोत सङ्कलन गरिएको थियो । त्यसबाट ६० मेगावाट क्षमताको सौर्य प्रणाली जडान गरिएको छ । उक्त बण्डलाई धर्ती बचाउने महाअभियानको नाम दिइएको थियो ।

भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले फोहर व्यवसथापन केन्द्र, वायोग्यास उत्पादन स्थल, फोहरको पुनःप्रयोग वा व्यवस्थापन केन्द्रलगायतको स्थानको अवलोकन गर्नुभएको थियो । ती स्थानको अवलोकनपछि प्रधानमन्त्री प्रचण्डले इन्दौरको सफल अभ्यास नेपालका लागि समेत अनुकरणीय रहेको बताउनुभएको थियो । उहाँले नेपाल सरकारको तर्फबाट विशेष टोली नै बनाएर इन्दौरको फोहर व्यवस्थापनका बारेमा जानकारी लिन पठाउने बताउनुभएको थियो ।

काठमाडौँ उपत्यका र सहरी क्षेत्रको फोहर व्यवस्थापन गर्न नसकेर समस्यामा परेको सरकार र सरकारका कार्यकारी प्रमुखले नै त्यसमा विशेष चासो लिएर सकारात्मक अनुभवलाई यहाँ प्रयोग गर्ने सङ्कल्प गर्नुभएको छ । विशेषतः काठमाडौँ उपत्यकाका लागि यो तत्काल गरिहाल्नुपर्ने कामका रुपमा रहेको छ । त्यसका लागि आइतबारैदेखि पहल थाल्नु जरुरी छ । केही वर्ष पहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुरु गर्नुभएको 'स्वच्छ भारत अभियान' को सफल अभ्यास इन्दौरबाट काठमाडौँले सिक्दा केही फरक पर्दैन । त्यसका लागि जागरुकता र प्रतिबद्धता भएमा फोहरमाण्डौँमा परिणत भएको काठमाडौँ उपत्यका पनि इन्दौर जस्तै सफा र स्वच्छ हुन सक्छ ।रासस

# पालिकाका प्रशासनिक केन्द्रसम्म कालोपत्र सडक निर्माणको तयारी

काठमाण्डु । देशभरका सबै पालिकाका प्रशासनिक केन्द्रसम्म कालोपत्र सडक निर्माणका लागि तयारी अघि बढाइने भएको छ ।

सङ्घीय सरकारलेप्रदेश सरकारमार्फत स्थानीय तहको केन्द्रसम्म जोड्ने कालोपत्र सडकको निर्माण गर्न लागेको हो । सरकारले स्थानीयस्तरसम्म सडक विस्तार गरी नागरिकको दैनिक जीवन सजिलो बनाउन पालिका केन्द्रसम्मको सडक निर्माण गर्न लागेको हो ।

पालिका जोड्ने सडक पहिले सङ्घीय सरकारले नै निर्माण गर्ने गरी छलफल भएको थियो । पालिकाका प्रशासनिक केन्द्रसम्मका सडक सङ्घ सरकारले हुँदैन भनेपछि अहिले प्रदेशले गर्ने निर्णय भएको स्थानीय पूर्वाधार विभागका उपमहानिर्देशक अशोककुमार साहले बताउनुभयो ।

विश्व बैंकसँगको ऋण सहयोगमा सडक निर्माण अघि बढाउन लागिएको हो । ऋणका लागि अहिले छलफल भइरहेको र सम्झौता भएपछि निर्माणको तयारी हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अर्थ मन्त्रालयबाट सम्झौता भएपछि विभागले समन्वय गर्छ र प्रदेशमार्फत योजना कार्यान्वयनमा जानेछ ।"

कुनकुन पालिकामा सडक सञ्जाल पुग्न बाँकी छन्, कहाँ कालोपत्र र कहाँ कच्ची सडक छ भनी प्रदेश सरकारमार्फत यसअघि नै अध्ययन गरिसकिएको छ । पहिले पहिचान गरिएका योजनाकै आधारमा सडक निर्माण हुने उहाँको भनाइ छ । जिल्लाको केन्द्रबाट पालिका केन्द्रसम्म जोड्न सम्भावित मार्गमध्ये छोटो छानेर निर्माण हुने उहाँले बताउनुभयो ।

अझै झन्डै २० पालिकाको केन्द्रमा सडकका लागि ट्र्याक खुल्न बाँकी रहेको विभागले जनाएको छ । यी पालिकासम्म अझै हिँडेर पुग्नुपर्ने अवस्था छ । पालिका जोड्नका लागि दुई सय किमी सडकको ट्र्याक खोल्नुपर्ने उपमहानिर्देशक साहले जानकारी दिनुभयो ।

सडक पुगेर पनि कालोपत्र हुन बाँकीभन्दा सडक नै नपुगेका पालिकालाई प्राथमिकता दिइने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो चरणमा सडक नपुगेको ठाउँमा हुनेछ, बाँकीमा सडक जोडिएको भए पनि कतै धुले त कतै ग्राभेल सडक रहेकामा ती सबैलाई कालोपत्र स्तरमा स्तरोन्नति गरिनेछ ।"

जग्गा प्राप्तिका लागि मुआब्जा दिने तथा नदिने टुङ्गिएपछि बल्ल ऋणका लागि प्रक्रियामा जाने विभागले जनाएको छ । ऋण स्वीकृत भएर आएपछि निर्माणका लागि पहिले तयारीका काम हुने उहाँले बताउनुभयो । जग्गा प्राप्ति, वातावरणीय अध्ययन गरेर सकिएपछि निर्माणका लागि ठेक्का प्रक्रिया हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "स्थानीय तहले पहिले जग्गा प्राप्त गर्छ, जग्गा उपलब्ध भएपछि नै निर्माणमा अघि जान सकिनेछ ।"

देशभरका ७७ जिल्लामध्ये एउटा जिल्ला हुम्लाको सदरमुकामसम्म सडक सञ्जाल जोडिन बाँकी रहेको छ । तीबाहेक सबै जिल्लाका सदरमुकाममा सडक सञ्जाल जोडिएको छ । सुगम जिल्लाका पालिका केन्द्रसम्म सडक पुगेको छ । दुर्गम जिल्लामा भने सदरमुकामभन्दा टाढाका पालिकामा कतै सडक नै नपुगेको र कतै पुगेको सडकको अवस्था खराब रहेको छ ।रासस

# मनसुन भित्रिन अनुकूल वातावरण बन्दै

काठमाण्डु । पछिल्लो डेढसाता मुलुकका धेरै स्थानमा अधिकतम् तापक्रमले नयाँ कीर्तिमान राख्दा बढेको अत्याधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भएको थियो ।

गर्मीका कारण तराई-मधेशमा कृषिदेखि आम मानिसको जनजीवन अस्तव्यस्त हुँदा संसद्देखि सामाजिक सञ्जालसम्म विभिन्न प्रतिक्रिया र आवाज उठेका थिए । सबैको एउटै जिज्ञासा थियो गर्मी कहिलेदेखि कम हुन्छ । अब केही दिनभित्रै नेपालमा मनसुन प्रवेदश गर्दैछ ।

नेपालमा मनसुन भित्रिने समय (जेठ ३०) नजिक पुग्दा त्यसका लागि अनुकूल वातावरण बनेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । पछिल्लो ३० वर्षको मौसमी विश्लेषणअनुसार नेपालमा मनसुन भित्रिने समय जेठ ३० गते र बाहिरिने समय असोज १५ गते रहेको देखिन्छ ।

यस वर्षको मनसुन भित्रिने पूर्वसन्ध्यामा पश्चिमी वायुका साथै बङ्गालको खाडीको जलवाष्पयुक्त हावा र विहार आसपास भएको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव परेको देखिएको छ । यसले निर्धारित समयकै आसपास नेपालमा मनसुन भित्रिन्छ भन्ने सम्भावना बढेको महाशाखाका मौसमविद् रोजन लामिछानेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "शनिबारदेखि नै कोशी प्रदेशमा तापक्रम घटिरहेको छ, बादल बनिरहेको छ र मनसुनका लागि आवश्यक अनुकूल वातावरण बन्दै गएको अवस्था देखिन्छ ।" आन कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ ।

साथै कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो ।


देशभर वृद्धि भएको अधिकतम् तापक्रम आइतबारदेखि कम हुँदै जाने र पश्चिम तराई क्षेत्रमा बढेको तापक्रम केही दिन स्थिर रहने महाशाखाको भनाइ छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पाण्डेको श्रद्धाञ्जली सभा




**बखतियार अलि**

मलंगवा । सर्लाहीको मलंगवामा आइतबार नेपाली कांग्रेसकी नेतृ तथा पूर्वमन्त्री मिना पाण्डेको श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

श्रद्धाञ्जली सभामा जिल्ला सभापती सुरेन्द्र सिंहले नेतृ तथा पूर्वमन्त्री पाण्डे कांग्रेस पार्टीप्रतिको लगानी अविस्मरणीय रहेको जिकिर गर्दै नेपाली कांग्रेस सर्लाहीका नेतृ पाण्डेलाई सदैव स्मरण गरिरहने बताए ।

अर्को प्रसंगमा उनले भने सर्लाही जिल्लामा नेपाली कांग्रेसबाट विजयी पालिका प्रमुख जनप्रतिनिधिहरुलाई प्रशासनकै संरक्षणमा टारगेटमा लिने कामहरु भइरहेको उनले दाबी गरे । प्रशासनले नेपाली कांगेसका नेता कार्यकर्तालाई प्रशासनले असहयोग गरिरहेको उनको कथन छ । महिला आन्दोलनकी अगुवाका रुपमा चिनिने पाण्डे लामो समयदेखि क्यान्सर रोगबाट ग्रसित भई राजनीतिमा निष्क्रिय थिइन् ।

जिल्लाबाट ३ पटक सांसद बनेकी पाण्डेले यहाँको राजनीतिमा पुर्‍याएकी योगदानको उच्च मूल्यांकन गर्दै कांग्रेस सर्लाहीले श्रद्धाञ्जली सभा आयोजना गरेको थियो ।

# ‘होचो स्थानका होचै सपना’

जनकपुरधाम । नेपालको सबैभन्दा होचो स्थान धनुषाको मुसहरनिया हो भन्ने हल्ला चलेको धेरै भइसकेको छ । हल्ला चले पनि यहाँ सरकारी तवरबाट न कुनै आधिकारिक घोषणासहित काम हुन सकेको छ न त स्थानीयबीच होचो स्थानका बारेमा एकमत छ । स्थानीयमध्ये कसैले मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ भोलाबाबा मन्दिर वरपर करिब साढे तीन बिघा क्षेत्रफलमा त कसैले वडा नं १ को दक्षिणबारी टोल नेपालकै होचो स्थान भएको दाबी गर्छन् तर दाबी गरिएका दुवै ठाउँमा पहिचान झल्किने कुनै प्रमाण भेटिदैन ।


स्थानीयवासी रामसोभार चनीले वडा नं २ मा होचो स्थान दाबी गनुभयो र भन्नुभयो, “यही ठाउँ हो नापेको । सुरुको चहलपहल हेर्दा अब केही हुन्छ कि जस्तो लागेको थियो, त्यो पनि कता गएर अड्कियो थाहा छैन । न स्थानीय सरकारले केही गर्‍यो न अरु कुनै संस्थाले नै ।”

त्यस्तै वडा नं १ का स्थानीयवासी अशोक यादव होचो स्थान दक्षिणबारी टोलमै भएको दाबी गर्नुहुन्छ । “तपाईले पनि पढ्नुभएको होला होचो स्थान धनुषाको मुसहरनिया भनेर । वडा नं २ त तत्कालीन मुखियापट्टी हो”, अशोकले भन्नुभयो ।

होचो स्थानका विषयमा चासो राख्दै आउनुभएका मधेश प्रदेशसभा सदस्य रामसरोज यादवले पहिले वडा नं १ मा होचो स्थानबारे चर्चा भए पनि पछिल्लो पटक नापजाँच हुँदा वडा नं २ को पुर्नी पोखरी भैरवबाबा मन्दिर छेउमा होचो स्थान भेटिएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ,“पहिले वडा नं नम्बर १ का केही स्थान र सुदखोलामा पनि नापी भएको थियो तर खोला, दशगजा छेउमा नापेर त काम भएन । पछि यता नाप्दा वडा नं १ को भन्दा होचो देखियो । सोहीअनुसार हामीले वडा नं २ मा होचो स्थान दाबी गरेर केही संरचना पनि बनाउन खोज्दैछौँ ।”

वडा नं २ का अध्यक्ष नरेशप्रसाद यादवको पनि आफ्नै दाबी छ । “होचो स्थान वडा नं २ को पुर्नी पोखरी छेउमा हो । नापीका क्रममा पनि यो भनिएको हो । त्यहीअनुसार यहाँ दृश्यवलोकन स्तम्भलगायतका संरचना बनाउने कुरा पनि भएकै हो ।” दुबै वडाका स्थानीयवासी आआफ्नै ठाउँमा होचो स्थान भनेर दाबी रहेको छ ।

नापी विभाग खगोल तथा भूमापन महाशाखाका उपनिर्देशक अमिरप्रसाद न्यौपानेले भन्नुभयो, “पहिले झापाको केचनाकवल र अहिले धनुषाको मुसहरनिया होचो स्थान भनिदैछ । सरकारले कहिल्यै आधिकारिक घोषणा गरेको र गर्ने योजना पनि छैन । स्थानीयले



दाबी गरिरहेको विषयमा केही भन्नु छैन ।” होचो स्थानका विषयमा स्थानीयस्तरमा फकरफरक ठाउँमा दाबी रहे पनि यहाँका नागरिकहरुको पीडा वर्षौंदेखि सम्बोधन हुन सकेको छैन । यी दुबै टोल जमुनी, सिमरा र विगिही नदी छेउमा रहेकाले वर्षेनी नदी कटानको समस्याबाट स्थानीयवासी पीडित छन् । “होचो ठाउँ जहाँ भए पनि हामीले लाभ त केही पाइरहेका छैनौँ बरु पीडामाथि पीडा छ । वर्षायाममा चारैतर्फ चार/पाँच फिट पानी भरिन्छ, ज्यान जोखिममा पर्छ”, स्थानीय ८० वर्षिय रामवृक्ष यादवले पीडा सुनाउनुभयो । स्थानीय ज्येष्ठ नागरिक ७० वर्षिय रामाषिस रायले वर्षायाममा डुबानले मान्छे, घर तथा घरभित्र जोहो गरेका सामान जोखाउन मुस्किल हुने गरेको बताउनुभयो । अर्का स्थानीय पुरन यादव, संजिव यादवलगायतले नेपालको नक्सा हेरेर पनि मुखियापट्टी मुसहरनियाको दुर्दशा अनुमान गर्न सकिने बताउनुहुन्छ ।

वडा नं २ का अध्यक्ष नरेशप्रसाद पनि स्थानीय स्रोतसाधनले नभ्याउने र स्रोतसाधन भएको प्रदेश तथा केन्द्र सरकारले यहाँका जनतालाई जोगाउने गरी योजना अगाडि सार्न नसकेको बताउनुहुन्छ । तीनैतिर रहेका ठूला नदीहरु छेउमा भारतीय पक्षले ठूला बाँध र सडक बनाएको छ । वर्षामा यहाँ पानीको डुबानको समस्या छ । खेतीयोग्य जमिन समाप्त हुने अवस्थामा छ । मानववस्ती वर्षेनी ज्यान हत्केलामा राखेर बस्नु परेको उहाँको भनाइ छ ।

प्रदेशसभा सदस्य राम सरोज यादवले यो गाउँपालिका नेपालकै पानी निकास हुने ठाउँ भएकाले यहाँको विशेषता र संवेदनशीलता दुवै हेरेर सरकारले नदी रोकथाम र विकासका काम अगाडि बढाउनुपर्ने बताउनुहुन्छ । वर्षात्मा यहाँ पानीले जलमग्न भएको तलाउभन्दा अरु केही देखिँदैन भने अरु बेला पानी नभएर सुख्खा जमिन मात्रै देखिन्छ । पर्यटकीय गतिविधिबाटै स्थानीयको जीविकोपार्जनमा सहयोग पुग्ने भएकाले यसतर्फ ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

धनुषाको निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसद जुलिकुमारी महतोले मुखियापट्टी मुसहरनिया गाउँपालिका-१ र २ का बासिन्दालाई डुबानको समस्याबाट मुक्त गर्न जमुनी र विगिही नदी नियन्त्रणका लागि बजेट छुट्याउन आफूले पटकपटक सरकारको ध्यानाकर्षण गराएको बताउनुहुन्छ ।रासस

# महोत्तरीको उत्तरी भेगमा खानेपानीको चरम अभाव

महोत्तरी । अत्यधिक गर्मी बढिरहेका बेला यहाँको उत्तरी क्षेत्रमा खानेपानीको अत्यन्तै अभाव भएको छ । बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रका एक सय १५ भन्दाबढी बस्तीमा अहिले खानेपानीको अभाव भएको हो ।

धाराबाट पानी वितरण हुँदै आएका स्रोतको मुहान सुकेपछि बर्दिबासका १४ वटै वडाका बस्तीमा घरघरै जडान गरिएका धारामा पानी आउन छाडेको छ । धाराको टुटी खोल्दा पानी नझरेपछि बढ्दो गर्मीमा सर्वसाधारण छट्पटिएका छन् ।

“तीन/चार दिन पहिलेसम्म त धारामा कुनैकुनै बेला पानी चुहेजस्तो गर्थ्यो, अब त पानी झर्न छाड्यो”, बर्दिबास-२ ओमशान्तिचोककी गृहिणी फूलमाया मगरले भन्नुभयो, “खै अब कसलाई गुहार्ने होला ?” कुनै बेला धारामा पानी आउने आशमा पछिल्ला तीन दिनयता घरका परिवारजन राति पालो गरेर सुत्ने गरेको फूलमायाले बताउनुभयो ।

बर्दिबासका वडा नं १, २, ३, ४, ५, १०, ११ र १४ का बस्तीमा खानेपानीको स्रोत नदी र खोल्सीबाट सङ्ग्रह गरिएको पानी भण्डारण गरेर धाराबाट वितरण गरिने रहेको छ । यस्तै वडा नं ६, ७ र ८ मा धारा तथा इनार दुवै स्रोत छन् । वडा नं ९, १२ र १३ मा भने इनारकै भर छ । धाराका लागि पानी सङ्ग्रह गरिने नदीका मुहान र खोल्सीमा गर्मी बढेसँगै पानी सुक्दै गएपछि धारामा पानी आउन छाडेको बर्दिबास खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष शङ्कर फुयाँल बताउनुहुन्छ ।

“खोल्सी र नदीका मुहान सुक्दै गएपछि पानी सङ्ग्रह र भण्डारणमा समस्या छ, हामी मुहान खोम्नदै पानी बढाउने प्रयत्नमा छौँ”, फुयाँलले भन्नुभयो, “तर लगातार बढ्दो प्रचण्ड गर्मीले मुहान झनझन सुक्दै गएपछि अहिले भण्डारण गरिएको पानी अलिअलि गरेर सबै भेगमा बाँडेर जोहो गरिएको छ ।”

यसैगरी गौशाला र भङ्गाहा नगरक्षेत्रका धारा, इनार र चापाकल सुक्दै गएपछि सर्वसाधारण रनभुल्ल परेका छन् । आफ्ना बस्तीका इनार र चापाकल सुकेपछि नजिकको पलार बस्ती पुगेर पानी ल्याउनुपरेको भङ्गाहा-४ रामनगरका इस्लाम कवारीले



बताउनुभयो । “यसअघि कहिल्यै नसुकेका इनार र चापाकल अहिले सुके, खै के हुन लाग्यो ?”, कवारीले भन्नुभयो, “अब कसरी बाँच्ने होला ?” भङ्गाहाका प्रेमनगर, रामनगर, टोकाबस्ती, थारुटोल बनरा, कर्पुरगञ्ज, राजपुर, भू-चक्रपुर र सीतापुरसहितका बस्तीका ८० प्रतिशत चापाकल र इनार सुकेका कवारी बताउनुहुन्छ ।

बस्तीमा पानीका स्रोत सुक्दै गएपछि खानपिउन मात्र नभई नुहाउन तथा लुगा धुन, पशुलाई पानी खुवाउन पनि समस्या बढेको छ । यस भेगका बासिन्दा बयलगाडामा दुई किलोमिटर तलका बस्तीमा पानी लिन धाउन थालेका छन् । बयलगाडा नहुने साइकलमा दुईतिर गाग्री बाँधेर पानी ओसार्ने गरेका भङ्गाहा-४ टोका बस्तीका राजकुमार दास बताउनुहुन्छ ।

जिल्लाका मध्य र दक्षिणी क्षेत्रका पानीका स्रोत नसुके पनि चापाकल र अटोमेटिक बोरिङबाट झर्ने पानीको मात्रा निकै घटेको छ । पछिल्ला केही वर्षयता नदी, खोल्साखोल्सी, इनार र चापाकलमा पानी सुक्नमा प्रचण्ड रापमात्र नभएर प्राकृतिक सम्पदाको अनियन्त्रित दोहन मुख्य कारण रहेको वातावरण तथा जलवायु विज्ञको भनाइ छ ।

पानीको अभाव हुन थालेपछि बस्तीमा इनार सखार्ने, बोरिङबाट पानी तानेर ट्याङ्कीमा भण्डारण गरेर धाराबाट पानी दिने विकल्पका कुरा गरिए सुनिए पनि यी स्थायी समाधान नभएका वातावरण तथा जलवायु विज्ञको धारणा छ । पछिल्ला वर्षमा प्राकृतिक सम्पदा (पहाडी थुम्का, नदी किनार, नदीउकास र वनक्षेत्र) को अनियन्त्रित दोहन बढेसँगै सन्तुलित वर्षा हुन छाडेपछि पानीका स्रोतका मुहान गहिरिँदै गएका सामाजिक संस्था रुपान्तरणमा कार्यरत जलवायु विज्ञ विराट पन्तको भनाइ छ ।

प्राकृतिक सम्पदाको अनियन्त्रित दोहन बढेसँगै वातावरणीय सन्तुलन खलबलिएको छ । यसले गर्दा अल्पवृष्टि, अनावृष्टिसँगै बाढीपहिराका समस्या बढ्दै छ । चुरे क्षेत्रका खोल्साखोल्सीको व्यवस्थापन हुन नसक्दा त्यहाँबाट बाढीसँगै झर्ने गेगर्‍यान नदीमा थुपरिने गर्दा कतिपय बस्ती नदी सतहभन्दा होचिएर डुबानमा र शिरानका बस्ती कटानको जोखिममा पर्ने गरेका पन्त बताउनुहुन्छ । यसैगरी यसको प्रतिकूल प्रभाव जलाधार क्षेत्रमा पर्दा यस्ता क्षेत्र सुक्खा बगरमा परिणत हुँदैछन् ।

“अब यो समस्याको स्थायी समाधानका लागि प्राकृतिक सम्पदाको सन्तुलित उपयोग, सघन वृक्षरोपण, खोल्साखोल्सी व्यवस्थापन गरेर गेग्र्यान नदीमा नझर्ने व्यवस्था र ठाउँठाउँमा पानी पुनःभरणका लागि पोखरी निर्माणमा लाग्नुपर्छ”, पन्त भन्नुहुन्छ । पूर्वपश्चिम राजमार्ग माथि (उत्तर) को चुरे पहाडी क्षेत्रमा खनिने पोखरीले तलसम्मकै जमिनको सतहमा पानी रसाउँदै गएपछि इनार, बोरिङ सुक्ने समस्या घट्दै जाने पन्तले बताउनुभयो । रासस

# ‘नागरिकतालगायत संवेदनशील विषयमा सरकार गम्भीर हुनुपर्छ’

काठमाण्डु । सांसद प्रकाश अधिकारीले नागरिकतालगायत अति संवेदनशील विषयमा सरकार गम्भीर भएर समस्या समाधान गर्नुपर्ने बताउनुभएको छ ।

सङ्घीय संसद्, प्रतिनिधिसभाको आइतबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको छलफलमा भाग लिनुहुँदै उहाँले भन्नुभयो, “बजेटमा आफ्नो अर्थतन्त्र विकास गर्नका लागि त्यस्तो कुनै प्रावधान छैन, कृषि उत्पादनको ठोस् व्यवस्था छैन, किसानलाई प्रोत्साहन गर्ने ठोस् प्रस्ताव छैन ।” सांसद अधिकारीले आफ्नै स्रोत/साधनको उपयोग नगरुञ्जेल मुलुकमा विकासले गति लिन नसक्ने उल्लेख गर्नुभयो ।

सधैं ऋण र अनुदानमा मुलुक चलाउन नहुने धारणा राख्दै उहाँले लोकतन्त्रलाई बलियो बनाउने कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो । “सन्तुलन र समानुपातिक विकासका लागि मधेस, कर्णाली, सुदूरपश्चिम र पिछडिएको समुदायका लागि बजेट बढाउनुपर्छ”, सांसद अधिकारीले भन्नुभयो ।

सांसद प्रभु साहले अर्थतन्त्रको मुख्य चुनौती आर्थिक अभाव भएको उल्लेख गर्दै किसानलाई समस्या हुने गरी करको दायरा बढाउन नहुनेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “कूल बजेटको ८० प्रतिशत केन्द्रमै केन्द्रित गरेपछि सङ्घीयताको विकास कसरी हुन्छ ? मुलुकको आवश्यकताभन्दा पनि नेताहरूको वरिपरि बजेट केन्द्रित भएको छ ।”

सांसद अञ्जनी श्रेष्ठले बजेटको समर्थन गर्दै अर्थतन्त्रलाई गतिशील गर्ने गरी र पिछडिएको समुदायलाई प्राथमिकता दिएर बजेट ल्याइएको टिप्पणी गर्नुभयो । किसानका समस्या समाधन गर्नेतर्फ बजेटले प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो । रासस

# बसबरियाद्वारा ज्ञापनपत्र जारी



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बसबरिया गाउँपालिका अध्यक्षले निर्वाचनको समयमा जनतासँग गरेको प्रतिबद्धता विपरीत नियम कानुन मिचेर जनताको चाहना र भावना विपरीत मनोमानी ढंगले एकलौटी रुपमा गापाको सम्पूर्ण काम कारबाही चलाइरहेको भन्दै सो को तत्काल सुधार गरेर जनताको आवश्यकत्ता ,चाहना र भावना बमोजिम काम गर्न साथै वितरण गर्नको लागि आएको ग्यास सिलिन्डर प्रक्रियागत रुपमा वितरण गर्नुपर्नेलगायत विभिन्न ९ बुँदे मागहरु राखेर नेपाली कांग्रेस बसबरिया गाउँपालिकाले आइतबार गाउँकार्यपालिकालाई ज्ञापनपत्र बुझाएको छ।

सात दिन भित्र ज्ञापनपत्रमा समेटिएका माग तथा समस्याहरुको सुधार नगरी अगाडि बढेको खण्डमा गापाको कार्यालय अगाडि धर्ना दिने,तालाबन्दी गर्ने र सो बाट उत्पादन हुने परिस्थितिको सम्पूर्ण जिम्मेवार गापा अध्यक्ष राम सिंहासन राय र प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र साहले जानकारी गराएका छन् ।

उक्त ज्ञापनपत्रमा गाउँपालिकाभरिका जनताहरुलाई वितरण गर्नका लागि ल्याइएको ग्यास सिलिन्डर वितरण गर्नको लागि सम्बन्धी वडाको वडा अध्यक्षको सिफारिसमा कुपन कार्यालयबाट उपलबध गराउनुपर्ने जनाइएको छ ।


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनः एकीकरण (रेमी) परियोजनाका लागी आवश्यक जनशक्तिहरु करारमा पदपूर्ती गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२९)

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीको पुनः एकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अंर्तगत संचालित छ । यस रेमी परियोजना अन्तर्गत लक्ष्मीनियाँ गाउँपालिका वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनःएकीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्नका लागी निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्द्र) दिनभित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | छैठों तह | १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ बि.एड.स्वास्थ्य शिक्षामा स्नातक तह उर्त्तिण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तिर्ण गरी मनोसमाजिक परामर्स सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको । - सम्बन्धीत विषयमा कार्य अनुभव भएको, स्थानिय भाषामा दखल भएको र स्थानिय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| २ | रोजगार परामर्शकर्ता | छैठों तह | १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उतिर्ण गरी व्यवसायिक परामर्श कार्य वा उधम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रबर्द्धनको क्षेत्रमा कम्तीमा १ वर्ष कार्य गरेको । - वैदेशिक रोजगारबाट फर्केको, स्थानीय भाषामा दखल भएको स्थानीय वासिन्दालाई प्राथमिकता । |
| ३ | समाजिक परिचालक | पाँचौ तह | २ (दुई) (१ एक) महिला अनिवार्य) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको । - स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता । |

(१) **कार्य अवधी** : हाललाई आ.व.२०७९/०८० को मसान्तसम्म प्ररियोजनाको आवश्यक्ता तथा कार्य सम्पादन अनुसार नविकरण हुने सकिने छ ।

(२) **परिक्षाको किसिम** : लिखित, अन्तर्वाता (छनौट परिक्षा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनः एकिकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्)

(३) **आवश्यक कागजातहरू र दरखास्त दिने स्थान** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नं. सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, पासपोर्ट साईजको तिन प्रति फोटो, परिवार परामर्शकर्ताको हकमा छ महिनाको तालिम प्रमाणपत्र, रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उत्तिर्ण गरेको प्रमाणको साथमा आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित लक्ष्मीनियाँ गाउँपालिका कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नुपर्ने छ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(४) **उमेरको हद** : परिवार परामर्शकर्ता, रोजगार परामर्शकर्ता र सामाजिक परिचालकको हकमा - दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भएको ।

(५) **परिक्षा दस्तुर** :
- परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ताको हकमा - १०००।- (एक हजार मात्र) ।
- सामाजिक परिचालकको हकमा - ५००।- (पाँच सय मात्र)

(परिक्षा वापतको दस्तुर यस गाउँपालिका प्रशासन शाखाबाट आवश्यक कागजात रुजु गराए पश्चात यस गाउँपालिकाको राजश्व शाखाबाट दस्तुर बुझाउनु पर्ने छ।)


(६) **छनोट प्रक्रिया** : प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वाता परिक्षामा समावेश गरिनेछ । अवसरबाट बन्चितिकरणमा परेका समुदायहरु खासगरी महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अबलम्बन गरिनेछ ।

(७) **दरखास्त दिने अन्तिम मिति** : २०८०/०३/११ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोली पल्ट निवेदन बुझाउन सकिनेछ ।

(८) **दरखास्त फाराम पाउने स्थान** : लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासन शाखा ।

(९) **तलब भत्ता अन्य सुविधा** : परियोजनाको नियम अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# नागरिकता गम्भीर समस्या

नेपालमा नागरिकताको समस्या गम्भीर बनेको छ । देशका नागरिकले नागरिकता पाउनु जन्मसिद्ध अधिकार हो। तर जन्मसिद्धका सन्तानले नागरिकता नपाएर अनागरिक बनेका छन् । नेपाली नागरिकले पाउने सेवा, सुविधाहरु पाउने सबै मापदण्ड पूरा गरिसके पनि नागरिकताको अभावमा सबै अधिकारबाट बञ्चित हुनु परेका नेपाली युवायुवतीहरुसित राजनीतिक पूर्वाग्रहीहरुले ठूलो अन्याय गरिरहेका छन्। नेपालमा बसोबास गर्नेहरुलाई सरकारले नागरिकताविहीन अवस्थामा राख्नु हुँदैन् ।सरकारले बनाएको कानुनमा जन्मसिद्धका सन्तानले वंशज नागरिकता पाउने प्रावधान राखेको छ। नागरिकता पाउने मापदण्डहरु पूरा गरे पनि अनागरिक अवस्थामा रहेकाहरुलाई नागरिकता दिनैपर्छ। नागरिकको मौलिक अधिकार हनन गर्ने कार्य राज्यबाट हुनु दूर्भाग्यपूर्ण हो । सरकारले बनाएको कानुनलाई कार्यान्वयन गर्न अनेक प्रकारले अवरोध खडा गर्ने समूह सक्रिय छन्। नागरिकताको समस्या तराइमा मात्र नभइ देशभरि नै छ। कुनै जिल्लामा केही कम , कुनै जिल्लामा केही बढी रहेको छ । नागरिकता सम्बन्धी कानुन कार्यान्यिवनमा अवरोध भए मधेशका दुई प्रमुख दल जनता समाजवादी पार्टी(जसपा) र जनमत पार्टीले सडक आन्दोलनमा उत्रने संकेत गरिसकेका छन् । दुबै दलले नागरिकताको विषयलाई अत्यन्त गंभीरतापूर्वक लिएका छन् । मधेशमा नागरिकताको सबालमा फेरि आन्दोलन हुने स्थिति सृजना हुन नदिन सरकार सचेत रहनुपर्छ। बनेको ऐनलाई कार्यान्वियन गर्न सरकारले सबै बाधालाई छिचोल्नुपर्छ। पटकपटक नागरिकताको सबालमा विवाद सृजना गरिन्छ । सरकारले बनाएको कानुन कार्यान्वयन गर्न नै रोक लगाउने हो भने देशले कसरी गति लिने छ। राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको विधेयकलाई कार्यान्वयनमा रोक लगाउदा त्यसको प्रभावबारे पनि समीक्षा हुनु आवश्यक छ। जसपाले कार्यकारिणी समितिको बैठकमा नै नागरिकता ऐन कार्यान्वयन नभए आन्दोलनको तयारीमा लाग्ने विषयमा छलफल गरेको बताइएको छ। उनीहरुले सर्वोच्च अदालतको मंगलवार आउने फैसलालाई सतर्कता पूर्वक हेरिरहेको जनाएका छन् । त्यसैगरी,जनमत पार्टीका अध्यक्ष डा.सीके राउतलेपनि मधेशको कुनै माग पूरा नभएकाले आन्दोलनका लागि तयार रहन निर्देशन दिएका छन् । राजनीतिक दृष्टिकोणले हेर्दा मधेशी दलहरुले नागरिकता मुद्दालाई समाप्त हुन दिने पक्षमा छैन् । त्यसकारण पनि नागरिकताको सबालमा सरकार संवेदनशील भएर बनेको कानुनको कार्यान्वयनमा जानु उपयुक्त हुनेछ। बाउ नागरिक र सन्तान अनागरिक यो अत्यन्त पूर्वाग्रही विषय हो। नागरिकता बिना ७ लाख बढी बालबालिकाहरुको भविष्य अन्धकारमा छ। उनीहरु शिक्षाबाट नै बञ्चित भएका छन्। नागरिकता नभएका विद्यार्थीले उच्च शिक्षाका लागि नामांकन गराउन पाउँदैनन्। नामाकंन नै नहुने भएपछि केही विद्यार्थीहरु भारत लगायत विदेशमा अध्ययनका लागि गएका छन् ।केही विद्यार्थीहरु उच्च शिक्षाको धोकोलाई त्यागेका छन्। सबै समस्याबाट सरकार पूर्णरुपमा अवगत छ। त्यसलाई समाधानका लागि सरकार उदार पनि देखिएको छ। सरकारले बनाएको विधेयकलाई संसदले दुई पटक पारित गरिसकेको छ। निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले अलपत्र छाडेकी नागरिकता विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरणसमेत गरिसकेकाले अब विवाद गरिरहनु उपयुक्त होइन्।

# मासिदै छ जानकी मन्दिरको सौन्दर्य र सम्पति



**हिमांशु चौधरी**

रंगरोगन, विद्युतीकरण र मार्वलको परिचर्चालाई नियाँल्दै जाँदा मन्दिरको अस्तित्वमाथि नै भइरहेको खेलवाड भइरहेको छ । प्रदेश सरकारले सौन्दर्यकरणका लागि विनियोजन गरेको रकमलाई पुरातत्वका विज्ञहरुले सिफारिस गरेको मार्वलले गर्मी याममा खुट्टा पोल्नेदेखि आँखा नै खाने अवस्था विद्यमान छ । विद्युतीकरण गर्दा गरिएको गतिविधि र स्वेच्छाचारी रंगरोगन मन्दिरको गरिमा एवं सौन्दर्यमाथि नै प्रश्नचिह्न खडा गरेको छ। मन्दिरको अस्तित्वसँग खेलबाड गर्दै मन्दिरको सेरोफरोमा निर्माणाधीन र निर्माण भइसकेको संरचनाले प्राचीन विशिष्टता र आस्थामाथि प्रहारको दृश्यलाई नियाँल्दै रहनु विश्वसम्पदा सूचीमा समावेशका् आशालाई कुटिलताको जालोमा पार्ने संकेत गरिरहेको छ , जसलाई उत्पाती अपसंस्कृति बढ्नु मान्न सकिन्छ।

सरकारद्वारा वि. स. २०६२ साल साउन २६ गते भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलद्वारा प्रस्तुत अध्ययन प्रतिवेदन पुस्तकमा यस्तै तथ्यतर्फ ध्यानाकर्षण गराइएको पाइन्छ। वृहत्तर जनकपुर विकासद्वारा प्रकाशित सो प्रतिवेदन पुस्तकमा मन्दिरको जग्गा सन्दर्भमा जानकी मन्दिरको नाममा जनकपुरमा कति जग्गा थियो , ती मध्ये कति जग्गा मनखप , दोकानी , पूजामा कति रैतानी नम्बरीमा परिणत र कति तैनाथी कायम रहेको स्रेस्ता उपलब्ध नहुनुले सम्पति मासिदै गएको तथ्यसमेत प्रस्तुत छ । गुठी संस्थानले यस मन्दिरको नाममा रहेको सम्पूर्ण जग्गा , जमिन , चल अचल सम्पति रेखदेख गर्ने , सोको आम्दानी खर्च दुरुस्त राखी मन्दिर सुव्यवस्थित रुपमा परिचालन गर्न , मन्दिरको कुनै पनि सम्पति बेचबिखन , दान दातव्य मनखपद्वारा कसैलाई पनि दिन न पाउने प्रक्रिया अनुरूप नै छुट गुठी भित्र राखी सोको जिम्मेवारी मन्दिरका महन्तलाई सुम्पेकोमा महन्तहरूले यसलाई निजी किसिमले काम कारवाही गरी सम्पति बारे अन्योल सिर्जना गरेको पुस्तकमा उल्लेख छ । साविकमा सो मन्दिरको जग्गा ५९८ विघा १० कठ्ठा ४ धूर रहेको थियो। यस पृष्ठभूमिमा जानकी मन्दिरको पुरानो स्रेस्ता गुठी संस्थान कार्यालय जनकपुरमा फेला नपरेको प्रतिवेदनले ध्यानाकर्षण गराएको छ ।प्रतिवेदनमा भनिएको छ ,“ पुरानो स्रेस्ता अर्थात वि.स. १९८३ सालको लगत गुठी संस्थान शाखा कार्यालयमा भेट्टाइएन । वि.स. २०२९ सालमा तत्कालिन अञ्चलाधीश कार्यालय जनकपुरले जानकी स्थानका तत्कालीन महन्त ( १३ औ ) रामशरण दास बैष्णवबाट त्यस स्थानमा भएको जग्गाको फाँटवारी जमीन नगदीबाट हुने आय बारे माग गरेकोमा जानकी मन्दिर मन्दिरले पेश गरेको लगतलाई नै गुठीले आधिकारिक माने पनि विं स. १९८३ मा जानकी मन्दिरको नाममा रहेको जग्गाको अवस्था बारे यथार्थ स्रेस्ता उपलब्ध गराउन सकेको देखिएन।”

जानकी मन्दिरका १३ औ. महन्त रामशरण दासले वि. स. २०२९ सालमा तत्कालीन अञ्चलाधीश कार्यालय जनकपुरमा प्रस्तुत गरेको जग्गा फाँटवारी अनुसार जानकी मन्दिरको नाममा ९१ विघा १८ कठ्ठा ८ धुर जग्गाको लगत रहेको देखिएको छ ।साविकमा उल्लेख बमोजिमको जग्गा महन्तहरूले के प्रयोजनमा प्रयोग गरे सो सम्बन्धमा गुठीमा कुनै स्रेस्ता नहुनुले पनि मन्दिरको जग्गा मासिने अवस्थालाई दर्शाइ रहेको कुरा प्रतिवेदनमा उल्लेख छ। वि.स. २०२९ सालमा ५ विघा १० कठ्ठा २ धुर ४ कनमा जग्गा सट्टा भर्ना भइ आएकोबाट जानकी मन्दिरको गुठीको नाममा ९७ विघा ८ कठ्ठा ८ धुर ४ कनमा भइ १९८३को जग्गामा केही वृद्धि भएको देखिएको छ ।जानकी मन्दिरको केही जग्गा रेल्वे, चुरोट कारखाना ( हाल प्रदेश सरकार ) , परिक्रमा सडक र अस्पतालमासमेत गाभिएको देखिन्छ।

**ऐतिहासिक पक्ष** :

सानो जानकी मन्दिर मण्डपलाई गर्भगृहमा राखी राजपुताना ,हिन्दू , मैथिल र मुगल शैलीको सम्मिश्रण गरी वर्तमान मन्दिर निर्माण भएको हो । भारत टिगमगढकी रानी वृषभानु कुँवरिले आफ्नो आस्था र विश्वासका कारण जानकी मन्दिर बनाउने अठोट गरिन र ईस्वी सन् १८९४ ( वि स. १९५२ माघ २८ गते ) मा यस मन्दिरको शिलान्यास गरेको इतिहास पाइन्छ ।ईस्वी सन् १९११ फरवरी ११ मा ( वि.स. १९६७ माघ २८ गते ) मा सो मन्दिरको निर्माण कार्य ( १२ वर्षमा ) सम्पन्न भइ मूर्तिहरूको प्राण प्रतिष्ठा गरिएको थियो । मन्दिर पूर्ण हुँदा वृषमानको मृत्यु भइसकेका कारण टिकमगढकी कान्छी महारानी गणेश कुँवरि साथ सीतारामका मूर्तिलाई गरगहनाले सज्जित गरी प्राण प्रतिष्ठा गरिएको थियो ।सो मन्दिरको निर्माण बिट्रिस महारानीका चाँदीका सिक्काहरू ३ देखि ४ लाख खर्च भनिए पनि मन्दिर बनाउन शरूमा नौ लाख संकल्प गरिएको मैथिली साहित्यहरूमा उल्लेख छ।

मन्दिरमा सीतारामको मूर्ति प्राण प्रतिष्ठा वैदिक विधि अनुसार मंगलधुनिका साथ विहान ५ बजे फौज गहनासमेत गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौं पुऱ्याइएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा भनिएको छ ,“ ती बहुमूल्य गहनाहरू कहाँ र कुन अवस्थामा राखिएका छन् त्यसबारे व्यापक जनचासो रहे तापनि सन्तोषजनक जानकारी प्राप्त नभएको देखिन्छ , मन्दिरको उत्तरतर्फको प्रवेशद्वारमाथि रहेको ढुङ्गाको कलातमक सिंहजोडीको हीराजडित आँखा पनि निकालिएको भन्ने भनाइ रहेको छ।”

मन्दिरका नाममा रहेको जग्गाबाट , मन्दिरको पोखरीबाट , घर बहालबाट र श्रद्धालुहरूको दान , चढौना र भेटीबाट मन्दिरलाई वर्षेनी लाखौं रूपैंयाको आम्दानीलाई वर्तमानं महन्त रामतपेश्वरले अपारदर्शी राखेको र भौतिक संरचनातर्फको बेवास्ताले मन्दिरको संरचनासमेत बिग्रदै गएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा मन्दिरका महन्तसँग गौलोचन , गजमणि , स्यालको सिङ्ग रहेको तर त्यसको कुनै अभिलेख नराखिएकाले व्यक्तिगत हुने बलियो सम्भावना व्यक्त गरिएको छ । प्रतिवेदनमा भनिएको छ , “ जग्गा अतिक्रमित भइ दिनानुदिन घटि रहेको छ तर गुठीले आफ्नो संरक्षणको भूमिका निर्वाह गरेको छैन , महन्तले आफू खशी जग्गाको पजनी गरिरहेको छ र यसमा गुठी संस्थानका कार्यालयको नियन्त्रणात्मक देखिएको छैन।”



जनकपुरधामको ऐतिहासिकता खोज्दा त्रेता युगमा पुग्नु पर्दछ ,जुन हजारौं वर्ष पुरानो इतिहास मानिन्छ । युग बदलिंदा प्रलय भइ विनास हुन्छ र सृष्टिको क्रम शुरू हुने मान्यता रहेको छ । यसै क्रममा भगवान रामचन्द्रलाई विष्णुको अवतार र जानकी मातालाई आदिशक्ति भवानीको स्वरूपमा प्राण प्रतिष्ठित त्रेता युगका मूर्तिहरू प्रलंयकारी परिवर्तन हुँदा भूगर्भमा रहन पुगेको थियो ।सत्रौं शताब्दीको अन्त्यतिर सन्त सूरकिशोर दासले भूगर्भ रहेका जानकी माताको मूर्तिलाई सिद्धत्व साधनाबाट पता लगाइ उत्खनन् गरी मन्दिरमा प्रतिष्ठित गराएपछि जनकपुरको पुनः उत्थान भएको मानिन्छ। सोही कारणले सन्त सूरकिशोर दासलाई आधुनिक जनकपुरको अन्वेषक पनि भनिएको छ ।आदि सन्त सूरकिशोर दासका शिष्य प्रयाग दासका ( दोस्रो महन्त ) समयमा ईस्वी सन् १७२७ मा मकवानपुरका राजा मणिक सेनले आध्यात्मिक शक्तिबाट पता लगाइएको जानकीमाताको मूर्तिको दर्शन गरी पूजा आजा ,पर्व जात्रा तथा सन्तको भण्डाराका लागि जग्गा गुठीका रूपमा ( कुश विर्ता ) प्रदान गरेको देखिन्छ ।

मन्दिरका ११ औं महन्त रामकृष्णका पालामा हात्ती तोपहरूबाट बढाई गरिएको थियो। बढाईका लागि दरभंगा महाराजाबाट फौज , हात्ती र तोपहरू ल्याइएको उल्लेख पनि रहेको छ ।कलाकारको मिठो सपना बोलेको यो मन्दिर किल्ला आकारको छ र चारैतिर साना ठूला गुम्बज र बुर्जाहरूले घेरिएको र ६० कोठा रहेको यस मन्दिरमा शिश महल र गर्भगृह विशेष महत्वपूर्ण छन् । जानकी मन्दिर वास्तुकला ,अदुभूत डिजाइन , विलुप्त हुँदै गएको निर्माण प्रविधि सहित मानव सिर्जनाको उत्कृष्ट नमूनाका रूपमा हामी बीच अवस्थित छ।

**भौतिक स्थिति** :

प्रतिवेदनमा जानकी मन्दिरको प्रशस्त जग्गा , जमीन र अन्य आयस्रोत समेत रहेको तापनि मन्दिरको अवस्था दयनीय रहेको छ। मन्दिरको रंगरोगन एवम् स्याहार सम्भारमा उचित ध्यान नदिइ स्वेच्छाचारी ढङ्गले रंगरोगन गरिने गरिएका कारण मन्दिरको संरचना मक्किदै गएको र पर्खालबाट पाप्रा उप्किदै छन् उल्लेख छ। विगतमा मन्दिरको शोभाका रूपमा रहेको गुम्बज र बुर्जामा प्रयोग गरिएका प्राचीन कलात्मक स्वर्ण गजुरहरू गायब भएको तथा मन्दिरको स्थापनाका समयमा र त्यसपछि पनि भगवान राम, लक्ष्मण र जानकी मातालाई चढाइएका बहुमूल्य आभूषण

**जग्गाको अवस्था** :

जानकी मन्दिरका जग्गाहरू व्यवस्थापनका विभिन्न कमी कमजोरी , बढदो जनसंख्याको चाप , धार्मिक आस्थामा गिरावट , लोभ लालचको बढोत्तरी , आडम्बरीपनाको पराकाष्ठाले विलीन भएका वा विलीन हुने प्रक्रियामा रहेकोतर्फ छ। मन्दिरका जग्गाहरूलाई नक्कली हस्ताक्षर गरी छाप लगाई कबुलियत लेखि आफूले कुत बुझेको भरपाई दिई प्रति कठ्ठा २५ देखि ५० हजारको दरमा बिक्री गरेको दर्जनौं सन्दर्भ पनि प्रतिवेदनमा उल्लेख छ। पुरानो मितिको जालसाजी मनखपका कागज हालमा तयार गरी त्यसमा घर बनाउन लगाएको पनि कथन पाइन्छ । मन्दिरका विभिन्न पोखरीहरूको डिलमा निर्माण कार्य गर्न लगाइएको , मन्दिरका वरिपरिका अति धार्मिक एवम् संवेदनशील स्थानमा अतिक्रमण गरी धार्मिक र सांस्कृतिक धरोहर नष्ट गरिएको र गर्ने तरखरमा रहकोतर्फ सजग हुनु अपरिहार्य छ।

# बालश्रम विरुद्धको दिवस २०२३



**राम हृदय यादव**

बालबालिकाहरुले शारीरिक वा मानसिक रुपले परिपक्क मानिसभैं गर्ने श्रम बालश्रम हो । बालश्रम अपरिपक्क उमेरमा बालबालिकाहरु द्वारा गरिने मेहनत वा परिश्रम हो । जुनसुकै रोजगारमूलक काम जसले बालबालिकालाई स्कूल जान अवरोध, व्यक्तिगत रुपमा असक्षमता महसुस, बाल्यकालमा असर, श्रम शोषण, शारीरिक तथा मानसिक असर हुने काममा संलग्न गराइन्छ भने त्यसलाई बालश्रम भनिन्छ । बालश्रमले बालबालिकालाई सुनौलो भविष्य, गुणस्तरीय शिक्षा र क्षमता विकासको अवसरबाट वञ्चित गराउँदछ । ५ देखि १७ वर्ष उमेरको बालबालिकालाई श्रममा लगाएमा बालश्रमिकको रुपमा मानिनेछ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ।

बालश्रम विरुद्धको दिवस प्रत्येक वर्ष जुन १२ मा मनाइन्छ । यसपटक नेपाली तिथिअनुसार जेठ २९ गते मनाइँदै छ । यो दिवसको उद्देश्य बालश्रम बारे विश्वव्यापी जानकारी, श्रम अन्त्यका लागि आवश्यक कार्य तथा प्रयास र अनुसन्धानमा ध्यान केन्द्रित गराउनु हो । विश्वभरमा रहेका करौडौं मानिसहरुलाई जानकारी गराउन, सरकारएवं रोजगारदाता संस्था, श्रमिक सङ्गठनहरू तथा नागरिक समाजलाई बालश्रमिकहरूको दुर्दशा र उनीहरुलाई मद्दत तथा सहयोग गर्न के गर्न सकिन्छ ? भनेर प्रकाश पार्न यो दिवस मनाउने गरिन्छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) ले सन् २००२ बाट यो अन्तर्राष्ट्रिय दिवस मनाउन सुरु गरिएको हो।

अन्तर्राष्ट्रिय दिवस वर्ष २०२३ मा ‘बालश्रम विरुद्धको एक हप्ते पैरवीको सुरुवात र निरन्तरता ‘Week of Action against Child Labor’ नाराका साथ मनाइँदैछ । बालबालिकाहरुले भोगेका मानसिक तथा शारीरिक समस्याहरुबारे छलफल गर्दै जागरुक गराउन यस दिवसले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। विश्वका १०० भन्दा बढी देशमा बालश्रम विरुद्धको दिवस मनाउने गरिन्छ। यो दिवस मनाउन सुरुवात् गरेपछि बालश्रममा कमी आएको छ। बालश्रमिक हरेक वर्ष भन्डै एक लाखको दरले घट्दै आएको छ।

नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा ४ मा कुनै बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ। तर, यहाँ अझै पनि करिब ११ लाख बालबालिका बालश्रमिक छन्। तथ्यांक अनुसार कुल बालश्रमिक मध्ये ९ लाख ३९ हजार अर्थात् ८७ प्रतिशत कृषिकर्ममा रहेको देखिएको छ। गैर कृषि क्षेत्रमा १ लाख ४१ हजार श्रमिक रहेका छन् । गैरकृषि भित्र निर्माण, उद्योग, यातायात, पूर्वाधार, सेवा तथा बिक्री सहितका क्षेत्र समेटिएको छ।

सन् २००८ मा नेपालमा बालश्रमिक १६ लाख रहेकोमात्यसयताको अवधिमा भने बालश्रम निवारणमा सुधार देखिएको छ। अध्ययन अनुसार नेपालमा निर्माण, सपकिपर, सफाई, सिलाइ-कटाइ लगायतका निकृष्ट (जोखिमपूर्ण) बालश्रममा २ लाखभन्दा बढी बालबालिका संलग्न छन्।

तथ्यांक अनुसार बालश्रमिक भित्र पर्ने १ लाख ९१ हजार बालबालिका भने विद्यालय जाँदैनन्। यसमध्ये १ लाख ११ हजार बालक छन्। ८० हजार बालिका छन्। बालश्रमिकको प्रति साता आम्दानी भने ३ हजार ७२ रुपैयाँ रहेको छ। यसलाई प्रतिदिन औसतः निकाल्दा ४३८ रुपैयाँ प्रतिदिन आम्दानी पर्न आउँछ। तथ्यांक अनुसार प्रतिसाता आम्दानी बालकको ३१३८ र बालिकाको २९१९ रहेको छ। सबै जसो क्षेत्रमा बालिकाको तुलनामा बालकको आम्दानी बढी देखिएको छ।

बालश्रमिक मध्ये कर्णाली प्रदेशमा बढी (२४.६ प्रतिशत) भएको पाइएको छ । त्यसपछि सुदूरपश्चिम -२०.९ प्रतिशत, कोशीप्रदेशमा १७.६ प्रतिशत, गण्डकीमा १६.१ प्रतिशत, लुम्बनीमा १५.८ प्रतिशत, मधेश प्रदेशमा ११.५ प्रतिशत र सबैभन्दा कम बागमतीमा ८.९ प्रतिशत रहेको छ । जातिगत रुपमा दलित समुदायमा बालश्रम बढी देखिएको छ । बालकको तुलनामा बालिकाको संख्या बालश्रममा बढी छ।

केन्द्रीय तथ्यांक विभाग श्रमशक्ति सर्वेक्षण, २०७६ अनुसार नेपालमा १७ वर्ष मुनिका करिब २ लाख ८६ हजार बालबालिका आर्थिक लाभको कार्यमा संलग्न रहेका छन् । तर उनीहरू सबै बालश्रमिक नभएको सर्वेक्षणमा उल्लेख गरिएको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ६ मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ। बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चत गरेको छ। त्यस्तै, उपदफा ९ ले १४ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ।

श्रम ऐन, २०७४ को दफा ५ बमोजिम कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुदैंन भन्ने व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ कै दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएमा बालबालिका भएकाले त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७४-०८३ अर्थात् २०१८-२०२८ लागु भएको छ । यस गुरुयोजनाको उद्देश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रुपमा निवारण गरी राष्ट्रलाई बालश्रम रहित बनाउने रहेको छ। गुरुयोजनाको लक्ष्यमा २०७९ साल सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ अर्थात् सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने रहेको छ।

दशकौं देखि नेपालमा बालश्रम विरुद्ध चेतना जागरण र सहयोगका कार्यक्रम सरकारी र विकासका साझेदार संस्थाबाट चलिरहेको छ । फलस्वरुप केही महानगर र नगरमा बालश्रम न्यूनीकरणका लागि उल्लेख्य प्रयास पनि भएका छन्। होटल, रेस्टुरेन्ट, बजार, वडा तथा नगरलाई बालश्रम मुक्त बनाउने क्रमको सुरुवात समेत भएको छ।

बालश्रम विरुद्धको कानूनी व्यवस्था हुँदा पनि रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैंचा कारखाना, जरी कारखाना, इँटाभट्टा लगायत घरेलु श्रममा बालबालिकालाई संलग्न गराइएको देखिएको छ। उमेर ढाँटेर बालबालिकालाई जोखिमपूर्ण काममा समेत संलग्न गराउने गरेको छ । नीति र योजनामा बालश्रम न्यूनीकरणका प्रावधान तर्जुमा पनि गरिएका छन्। बालश्रम लक्षित विविध कार्यक्रम सरकार र विकासका साझेदार संस्थाले कार्यान्वयनमा सहयोग पनि गर्दै आएका छन् । तर पनि बालश्रमको समस्या अझै कायमै रहेको छ।

केन्द्रीय तथ्यांक विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण २०७१ अर्थात सन् २०१४ अनुसार ५ वर्षदेखि १७ वर्ष उमेर समुहका ७० लाख ७४ हजार ७ सय ५६ मध्ये ३७ दशमलव ४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। ५ देखि ११ वर्ष उमेर समूहका कम्तिमा १ घण्टा कामकाजमा संलग्न बालबालिका २७ दशमलव ९ प्रतिशत रहेका छन्। जसमा बालक २९ दशमलव ९ प्रतिशत रहेका छन् भने बालिका २६ दशमलव ५ प्रतिशत छन्। १२ देखि १४ वर्ष उमेर समुहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४ दशमलव २ प्रतिशत रहेका छन्। जसमा बालक ४३ दशमलव ४ प्रतिशत र बालिका ४४ दशमलव ८ प्रतिशत छन् । १४ घण्टाभन्दा बढी १५ दशमलव २ प्रतिशत छन्। जसमा बालक १२ दशमलव ३ प्रतिशत र बालिका १७ दशमलव ६ प्रतिशत छन्।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १ लाख ४ हजार ७ सय १४ जना बालबालिका कामकाजमा संलग्न रहेको पाइएको थियो । जसमा ५६ हजार २ सय ७६ बालक हुन भने ४८ हजार ४ सय ४७ बालिका हुन् । २०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्ष मूनिका बालबालिकाको संख्या क्रमस ४१.८४, ३७.३७ र ३२.३५ प्रतिश त रहेको छ।

सन् १९९० मा नेपालले संयुक्त राष्ट्र सङ्घको बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर बालअधिकार प्रति आफ्नो प्रतिबद्धता जाहेर गरेको छ, तर कार्यान्वयन पक्ष असाध्यै फितलो भएको छ। यसका अलावा मानवअधिकार तथा ओसारपसार नियन्त्रण ऐन २००७, नागरिक अधिकार सम्बन्धी ऐन १९९५, बालबालिका सम्बन्धी ऐन १९९२, बालश्रम प्रतिबन्ध तथा नियमित ऐन २००० र कमैया श्रम ऐन २००२ ले नेपालमा बालश्रमलाई अवैध मान्दै बालअधिकारलाई सुनिश्चित गरेको छ। सबै ऐन, कानुनहरू र महासन्धिहरूको अक्षरशः पालनाहोस्। बालश्रम जरैबाट उखेल्न नेपाल सक्षमहोस्।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार विश्वव्यापी रूपमा १५ करोड बालबालिका बालश्रममा संलग्न छन्। जसमध्ये ७ करोड खतरनाक काममा छन्। संगठनका अनुसार विश्वमा १० बालबालिकामध्ये एक जना बालश्रममा परेको छ।

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ नम्बर १ सय ३८ ले १८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर ‘ आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्का सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने’ व्यवस्था छ।

बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ को नम्बर १ सय २९ मा अन्तराष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ को नम्बर १ सय ४४ मा पनि नेपालले हस्ताक्षर गरेको छानिकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ नम्बर १ सय ८२ लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ।

यस महासन्धिको प्रावधान अनुसार बालबालिकालाई जोखिममुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने, जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरुलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक प्रत्यक्ष सहयोग प्रदान गर्ने, जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ।

युनाइटेड नेशन्सको वेबसाइटका अनुसार कोभिड-१९ को महामारीले ल्याएको आर्थिक र श्रम बजारको आघातले व्यक्तिहरूको जीवनमा ठूलो असर परेको छ। यस संकटले लाखौं कमजोर बच्चाहरूलाई बालश्रममा धकेलेको छ । कोरोनाबाट उत्पन्न आर्थिक समस्याका कारण यी बच्चाहरू अझ बढी जोखिममा रहेको औंल्याउँदै अझ गाह्रो र लामो समयसम्म काम गर्नुपर्ने बाध्यता रहेको वेबसाइटमा उल्लेख छ।

*(यादव जनकपुरधामबाट पूर्व प्रकाशित अभिलाप दैनिक र झोलेखबर डटकमका सम्पादक हुन्।)*

# बजेटले अर्थतन्त्रका यथार्थलाई स्वीकार गर्दैन : पूर्वअर्थमन्त्री पौडेल



काठमाण्डु । पूर्वअर्थमन्त्री एवम् सांसद विष्णुप्रसाद पौडेलले सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटले अहिलेको आर्थिक मन्दीको यथार्थलाई स्वीकान गर्न नसकेको र नीति तथा कार्यक्रमसँग सामञ्जस्यता कायम गर्न नसकेको टिप्पणी गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आगामी आर्थिक वर्षको राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा सांसद पौडेलले बजेटका सिद्धान्त र प्राथमिकता र नीति तथा कार्यक्रममा राखिएका योजना बजेटमा नपरेको बताउनुभएको हो।

"यो बजेटले सिद्धान्त तथा प्राथमिकता, नीति तथा कार्यक्रमका बीचमा कुनैपनि प्रकारको सङ्गति र तादत्म्यता राखेको छैन । एक अर्कासँग अन्तरसम्बन्धित हुनुपर्नेमा नीति तथा कार्यक्रम एकातिर, सिद्धान्त र प्राथमिकता र अर्कैतिर र बजेट झन् अर्कैतिर गएका छन्", उहाँले भन्नुभयो, "हिउँदमा ३० र वर्षायाममा ५० युनिटसम्म बिजुली छुट दिने, गेटा मेटिकल कलेजलाई दशरथचन्द्र चिकित्सा विश्वविद्यालय बनाउनेलगायतका कार्यक्रमबाट बजेटमा पछि हटेको छ।"

बजेटले मुलुकका वर्तमान आर्थिक समस्यालाई बेवास्ता गरेको, चुनौती र सम्भावनालाई ठीक ढङ्गले पहिचान गर्न नसकेको र समाधानका उपाय अघि सार्न नसकेको उहाँले बताउनुभयो।

"दुई दशमलव १६ प्रतिशतभन्दा न्यून आर्थिक वृद्धिदर, नौ दशमलव १५ प्रतिशतको कुल गार्हस्थ्य उत्पादनको बजार मूल्यमा आधारित मुद्रास्फीतिदर, सात दशमलव पाँच प्रतिशतको उपभोक्ता मुद्रास्फीतिदर, रु ५४ अर्बभन्दा बढीको चालुखाता घाटा, चालु आर्थिक वर्षको अन्त्यसम्ममा सञ्चित कोष करिब दुई अर्बले ऋणात्मक हुने अवस्थालाई सम्बोधन गर्न सकेको छैन", उहाँले भन्नुभयो।

पौडेलले सात दशमलव ९६ प्रतिशतका सीमित निजी क्षेत्रमा प्रबाह हुने बैंकिङ कर्जा, आर्थिक वर्षको पहिलो र दोस्रो त्रैमासमा कुल गार्हस्थ्य उत्पादनको ऋणात्मक वृद्धिदर, आर्थिक क्रियाकलापमा संकुचन, रोजगारीका अवसरमा ठूलो मात्रामा ह्रास, आकासिँदो मूल्यवृद्धिलगायतका नकारात्मक आर्थिक परिसूचकहरुले नेपाली अर्थतन्त्र मन्दीको मारमा परेको बताउनुभयो।

चालु आर्थिक वर्षको ३८.१२ प्रतिशतमा सीमित पुँजीगत खर्च, लक्ष्यको तुलनामा १० प्रतिशत भन्दा कमको वैदेशिक अनुदान परिचालन, गत वर्षको तुलनामा १२ प्रतिशत कम र लक्ष्यको तुलनामा ५६ प्रतिशतको राजश्व संकलनले सरकारको आम्दानी र खर्च गर्ने क्षमतको विश्वसनीयतामा गम्भीर प्रश्न उठाएको उहाँको भनाइ छ।

आगामी आर्थिक वर्षको कूल गार्हस्थ उत्पादनको वृद्धिदर चालु आर्थिक वर्षको भन्दा कम प्रक्षेपण गरिनु र कूल विनियोजन गत वर्षको भन्दा कम हुनुले अर्थतन्त्रका उपलब्ध स्रोत साधनहरुलाई पूर्ण क्षमतामा परिचालन गर्न सरकार असक्षम छ भन्ने पुष्टि भएको उहाँको भनाइ छ।

"अर्थतन्त्रको ऐना मानिने पुँजीबजारको अवस्थाले पनि हाम्रो अर्थतन्त्र कस्तो अवस्थामा छ भन्ने बताएको छ । विसं २०७७ भदौमा नेप्से परिसूचक ३२०० पुगेको थियो । दैनिक रु २० अर्बसम्म कारोबार हुन्थ्यो र बजारको पुँजीकरण कूल गार्हस्थ उत्पादको हाराहारी अर्थात रु ४५ खर्ब पुगेको थियो । तर अहिले नेप्से परिसूचक १९५० को वरीपरी झरेको छ। दैनिक कारोबार रु २ अर्बको हाराहारीमा झरेको छ र बजार पुँजीकरण २८ खर्बको हाराहारीमा खुम्चिएको छ। तर, पुँजीबजारको यस्तो नकारात्मक परिदृश्यको जिम्मेवारी लिने कोही छैन", उहाँले भन्नुभयो।

बजेट वक्तव्यमा चालु खर्च घटाउने भनिए पनि चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएको चालु खर्च ९७ अर्बले बढी भएको उहाँको भनाइ छ। पौडेलले विगत ६ वर्षमा कूल बजेटको औसत २० प्रतिशतको हाराहरीमा रहेको पुँजीगत खर्चतर्फको विनियोजन यसपाली १७ प्रतिशतमा झारिएको टिप्पणी गर्नुभयो।

"बजेटमा एकातिर वित्तीय सङ्घीयताको कार्यान्वयनमा जोड दिने भनिएको छ, अर्कोतिर प्रदेश र स्थानीय तहका लागि गरिने वित्तीय हस्तान्तरण चालु आर्थिक वर्षको तुलनामा २९ अर्ब ७५ करोड न्यून विनियोजन गरिएको छ । यसरी यो बजेटको स्रोत व्यवस्थापन र चालु तथा पुँजीगत खर्चका निमित्त गरिएको विनियोजन अवास्तविक, अविश्वसनीय, अन्तरविरोधी र कार्यान्वयन हुन नसक्ने प्रकृतिका छन्", उहाँले भन्नुभयो।

विगतका प्रधानमन्त्री रोजगार, राष्ट्रपति शैक्षिक सुधार, राष्ट्रपति महिला सशक्तिकरण, प्रधानमन्त्री कृषि आधुनिकरण, तराईका जिल्ला सदरमुकामहरुको शहरीकरण, औद्योगिक क्षेत्रको पूर्वाधार, शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिने लगायतका कार्यक्रम हटाइनु र क्षमता कटौती गरिनुले बजेट 'गेम चेञ्ज'मा नभइ कार्यक्रम र आयोजनाको 'नेम चेञ्ज'मा रमाएको उहाँको टिप्पणी छ।

बजेटले स्वास्थ्य बीमाको शोधभर्ना दिन रकम नछुट्याएको, शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण पाइने व्यवस्थालाई सङ्कुचित तुल्याइएको, वडा र पालिकाबाट कार्यान्वयन भएका आयोजनामा पनि बजेट छरिएको लगायतका विषय पनि उहाँले संसदमा राख्नुभयो । जलस्रोत, पर्यटन र कृषि क्षेत्रमा सम्भावना रहेकोमा त्यसलाई बजेटले सम्बोधन गर्न नसकेको पौडेलको भनाइ छ।

बजेटमा नयाँपन नरहेको र विगतकै कार्यक्रमको निरन्तरता रहेको पनि उहाँको टिप्पणी छ। त्यस्तै केही कार्यक्रम निकै विरोधाभाषपूर्ण रहेको पनि पौडेलले बताउनुभयो । चुरे उत्खनन गरेर ढुङ्गा गिट्टी विदेश निर्यात गर्ने कार्यक्रमको विगतमा विरोध भएकोमा अहिले कुन जगमा उभिएर आएको भनेर उहाँले प्रश्न गर्नुभयो । त्यस्तै, बजेटमा राखिएको नागरिक पेन्सनको लाभग्राही त्यसको कार्ययोजना र स्रोतबारे पनि पौडेलले असहमति जनाउनुभयो।

खर्च कटौतीका लागि सरकारले बजेटमार्फत विभिन्न २० वटा सरकारी निकायहरू खारेज गर्ने र गाभ्ने निर्णय गरेकोमा त्यो उपयुक्त नरहेको पनि पौडेलको भनाइ छ । खर्च घटाउनका लागि सरकारले राष्ट्रपति, उपराष्ट्रपति, मन्त्रिपरिषद्का सदस्य, सांसदलगायतको सुविधा कटौती गर्नुपर्ने उहाँले धारणा राख्नुभयो।

संसदीय पूर्वाधार क्षेत्र विकास कार्यक्रममार्फत् सांसदलाई रू पाँच करोड बराबर दिने बजेटको व्यवस्थाबारे पनि पूर्वअर्थमन्त्री पौडेलले विमति जनाउनुभयो । उहाँले आफूले सांसदका रुपमा पाउने उक्त कार्यक्रमको रकम सार्वजनिक शिक्षा क्षेत्रको पूर्वाधार निर्माणमा सम्बन्धित मन्त्रालयबाट खर्च गर्न चाहेकोसमेत संसदमा बताउनुभयो।

करका दर हेरफेर पनि तर्कसंगत नभएको उहाँको दाबी छ । सरकारले गरेको कर प्रस्तावप्रति निजी र सहकारी क्षेत्र, शेयर बजारका लगानीकर्ता असन्तुष्ट रहेकाले उनीहरुका जायज माग सम्बोधन गरिनुपर्ने पनि उहाँको भनाइ छ।


त्यस्तै, प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसद दीपक गिरीले बजेटलगायतका नीति निर्माणमा सत्तापक्ष र प्रतिपक्षका रुपमा विभाजित नभएर सामुहिक रुपमा कार्यक्रम बनाएर अघि बढ्नुपर्ने बताउनुभयो । त्यस्तै, नागरिकले स-साना समस्या पर्दा पनि सांसदलाई गुहार्ने भएकाले उनीहरुप्रति आफू जिम्मेवार हुनुपर्ने उहाँले बताउनुभयो। उहाँले संसदमा बजेट प्रस्तुत गर्ने समयबारे पुनर्विचार गर्नु आवश्यकता रहेको पनि उहाँले बताउनुभयो।रासस

# विश्वविद्यालय शिक्षा अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित हुनुपर्दछ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयको शिक्षा अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित हुनुपर्ने बताउनुभएको छ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा आइतबार आयोजित काठमाडौँ विश्वविद्यालयको २८औँ दीक्षान्त (दोस्रो चरण) समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने तथा स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, ''हाल सञ्चालनमा रहेका सबै विश्वविद्यालय र उच्च शैक्षिक संस्थाले पठनपाठन तथा अनुसन्धानको शैली परिवर्तन गर्न आवश्यक छ। खासगरी विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने हुन्छ । स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्छ।"



प्रधानमन्त्री दाहालले अनुसन्धानले समाजमा प्रभाव र परिवर्तन ल्याउन नसक्दा साधन स्रोतको सही सदुपयोग नहुने स्पष्ट पार्नुभयो । विश्वविद्यालय तहको अध्ययन र अनुसन्धानलाई सवल बनाउन सरकारका अनुसन्धानसम्बन्धी कार्य विश्वविद्यालयबाट गराउने निर्णय गरिसकेको हुनाले प्राध्यापकमा राज्यका लागि योगदान गर्ने प्रत्यक्ष अवसर मिल्ने उहाँको भनाइ थियो । काठमाडौँ विश्वविद्यालयले आफ्नो स्थापनाको ३२ वर्षमा विभिन्न सङ्कायमा ४१ हजारभन्दा बढी उच्च सीप, दक्षता र मानवीय गुणसम्पन्न जनशक्ति उत्पादन गरी मुलुकको विकासमा योगदान दिएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो।

काठमाण्डु विश्वविद्यालयले गुणस्तरीय शिक्षाका लागि मुलुकको अग्रणी र दक्षिण एसियाकै एक प्रतिष्ठित विश्वविद्यालयका रूपमा आफूलाई स्थापित गरेको उल्लेख गर्दै उहाँले गुणस्तरीय, प्राविधिक र अत्याधुनिक उच्चशिक्षा युगको विश्वव्यापी आवश्यकता भएको बताउनुभयो । बर्सेनि हजारौँ विद्यार्थी नेपालबाट विदेशिनुको कारण सिर्जनशील मस्तिष्क, युवा ऊर्जा र अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको सन्दर्भमा मुलुकभित्रै उच्चशिक्षाको गुणस्तर एवम शिक्षापछिको सम्मानयुक्त जीवनयापन गर्न सम्भव रोजगारी सिर्जना सबैका लागि टड्कारो आवश्यकता र चुनौती भएको प्रधानमन्त्री दाहालले जिकिर गर्नुभयो।

काठमाण्डु विश्वविद्यालयले अन्तर्राष्ट्रिय गुणस्तरकै शिक्षा प्रदान गरी विदेश पलायन हुने युवा र विदेशी मुद्रालाई केही हदसम्म भए पनि रोक्न प्रशंसनीय योगदान गरेको उहाँले स्पष्ट पार्नुभयो। "यस विश्वविद्यालयले आफ्ना क्षमतावान अब्बल स्नातक तह उत्तिर्णलाई प्रारम्भिक रोजगारीसमेत दिने जुन प्रस्तावना गरेको छ यसलाई नेपाल सरकारले अत्यन्त सकारात्मक कदमका रूपमा लिएको छ । यसको विस्तार र दीगोपनका लागि यथासम्भव सघाउने छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

विगतदेखि नै वस्तु व्यापार घाटामा भएको तीव्र वृद्धिले मुलुकलाई आक्रान्त बनाएको उल्लेख गर्दै उहाँले पछिल्लो समय सेवा व्यापारघाटा पनि उत्तिकै गतिमा बढ्दै जानु थप चिन्ताको विषय भएको बताउनुभयो । नेपाललाई इञ्जीनीयरिङ, चिकित्साशास्त्र, सूचना एवम् डिजिटल प्रविधि, वातावरण विज्ञान आदि विषयमा उच्च शिक्षाको 'हब" बनाउने सम्भावनातर्फ सरकारको विशेष ध्यान गएको प्रधानमन्त्री दाहालले बताउनुभयो।

हाल मस्यौदा भइरहेको सरकारको वाणिज्य नीतिले पनि शिक्षा सेवालाई निर्यातयोग्य सम्भावनाको क्षेत्रका रूपमा पहिचान गरेको उहाँले जानकारी दिनुभयो । सम्भावनालाई वास्तविकतामा बदल्नका लागि सरकार आवश्यक कानुनी, प्रक्रियागत र संरचनागत व्यवस्था गर्न तत्पर रहेको तथा त्यसमा विज्ञको सुझाव महत्वपूर्ण हुने प्रधानमन्त्री दाहालको कथन छ।

काठमाडौँ विश्वविद्यालयबाट उत्पादित शैक्षिक जनशक्तिमध्ये १३ प्रतिशतभन्दा बढी दीक्षित ५५ भन्दा बढी मुलुकका विदेशी नागरिक भएको जानकारी पाउँदा नेपाललाई दक्षिण एसिया क्षेत्रकै आकर्षक शैक्षिक 'हब' बनाउने सम्भावना केवल कल्पना मात्र नभएर वास्तविकतामा रूपान्तरण गर्न सकिने वस्तुगत यथार्थ भएको उहाँले बताउनुभयो।

सो विश्वविद्यालयले अनुसन्धान गरिरहेको भविष्यको इन्धनका रूपमा पहिचान गरिएको ग्रीन हाइड्रोजनको उत्पादन, आर्टिफिसिअल इन्टेलिजेन्स, आधुनिक प्रविधिमा आधारित कृषि विज्ञान, हिमालय क्षेत्रको पर्यावरणको अध्ययनमा समर्पित ग्लेसियोलोजी, चिकित्सा र प्रविधिलाई समायोजन गर्ने हेल्थ-इन्फर्म्याटिक्सलगायत विषयको अध्ययन-अध्यापन, खोज-अनुसन्धान एवम् प्रकाशन-प्रचारले मुलुकको आर्थिक विकास र सामाजिक पुँजी निर्माणमा जोड दिने प्रधानमन्त्री दाहालको भनाइ छ। रासस

# 'राजनीतिक हैसियत र टठ्याइँ देखाएर उन्मुक्ति पाइँदैन'

महोत्तरी । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकार सुशासनको प्रत्याभूति दिलाउन प्रतिबद्ध रहेको बताउनुभएको छ।

शनिबारदेखि महोत्तरीका विभिन्न कार्यक्रममा सहभागि रहनुभएका उहाँले आइतबार बिहान बर्दिबास-४ माईस्थानमा स्थानीयवासीसँगको भेटघाटमा भ्रष्टाचारविरुद्धको कारबाही तीव्र बनाइने प्रतिबद्धता जनाउनुभयो।

"जो होस्, गलत गर्ने कारबाहीको भागी बन्छ, अब राजनीतिक हैसियत र टठ्याइँ देखाएर उन्मुक्ति पाइँदैन", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो । यसअघि राजनीतिक दलका नेताहरूले जिम्मेवारी र दायित्व नबुझ्दा जनताले सुशासनको प्रत्याभूति पाउन नसकेका उहाँको भनाइ छ।

"गरिबीको दुश्चक्रमा पिसिएका आम जनता अझै निर्धक्क आफ्ना कुरा सम्बद्ध अधिकारीसम्म पुर्‍याउन सकेका छैनन्, ती वर्गका जनताले लोकतन्त्रको महसुस गर्न सक्नुपर्छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "प्रहरी, प्रशासनिक अधिकारी र सम्बद्ध पक्षले कुनै लाउके वा बिचौलियाको होइन, सिधै पीडितको कुरा सुन्ने र निदान दिने परिपाटी बढाउन पर्छ ।" पछिल्लो समयमा मिटरब्याजविरुद्ध जनता उठ्न खोजे पनि जनप्रतिनिधिको अपेक्षित साथ नपाएका उहाँको गुनसो थियो।

"मिटरब्याज पीडितले आफ्नै प्रतिनिधिको राम्रो साथ पाएका छैनन्, मिटरब्याजी सामाजिक अपराधीमा अझै दरिएका छैनन्", उहाँले भन्नुभयो, "यो अवस्था अन्त्यका लागि प्रहरी/प्रशासनिक निकाय र स्थानीय तहका प्रतिनिधिमा थप प्रतिबद्धता आवश्यक छ।"

शनिबार जिल्ला सदरमुकाम जलेश्वर र रामगोपालपुरमा आयोजित कार्यक्रममा पनि उपप्रधानमन्त्री श्रेष्ठले सुशासनको प्रत्याभूति सरकारको प्राथमिक दायित्व भएको बताउनुभएको थियो।रासस

## लोसपाका अध्यक्ष महन्थ ठाकुर दिल्ली प्रस्थान

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुर नियमित स्वास्थ्य उपचारका लागि भारतको नयाँदिल्ली प्रस्थान गर्नुभएको छ।

स्वास्थ्य उपचारको 'फलोअप'का लागि अध्यक्ष ठाकुर आइतबार दिउँसो दिल्ली प्रस्थान गर्नुभएको लोसपाका कार्यकारिणी सदस्य केशव झाले जानकारी दिनुभयो।

उहाँका अनुसार अध्यक्ष ठाकुर आफ्नो मुटुमा लगाइएको पेसमेकर र एन्जिओग्राफीको फलोअपका लागि दिल्ली जानुभएको हो। उहाँ उपचार सकेर एकसातापछि स्वदेश फर्कनुहुनेछ।रासस

# कुलुङ तथा मेवाहाङलाई आदिवासी जनजातिमा सूचीकृत गर्न प्रधानमन्त्रीसमक्ष माग

काठमाण्डु । सङ्खुवासभा, भोजपुर, सोलुखुम्बु, सुनसरीलगायत नेपालका २२ जिल्लामा बसोबास गरिरहेका कुलुङ तथा मेवाहाङ समुदायलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्न माग गरिएको छ।

सङ्खुवासभाका प्रतिनिधिसभा सदस्य एवं पूर्वराज्यमन्त्री दीपक खड्काको नेतृत्वमा किरात कुलुङ उत्थान समिति र मेवाहाङ केन्द्रीय समितिका पदाधिकारीले एवं सोही क्षेत्रका जनप्रतिनिधिले आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर कुलुङ तथा मेवाहाङ समुदायलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्न माग गरेको हो।

टोलीले लामो समयदेखि सङ्खुवासभा, भोजपुर, सोलुखुम्बुलगायत पूर्वी जिल्लामा बसोबास गर्दै आएका कुलुङ, मेवाहाङ जातिलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत प्रधानमन्त्रीसमक्ष आग्रह गरेको हो।

भेटमा प्रधानमन्त्री दाहालले उक्त जातिलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्न सरकारकोतर्फबाट आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। कुलुङ, मेवाहाङ जातिसँगै अन्य जातिसमेत आदिवासी जनजातिमा सूचीकृत हुन छुटेकाले सबैलाई सूचीकृत गर्न सरकार लाग्ने प्रधानमन्त्री दाहालको भनाइ छ।

आदिवासी जनजाति प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा कुलुङ, मेवाहाङ जाति उल्लेख नभएका कारण उक्त जाति आदिवासी जनजातिको सूचीमा सूचीकृत हुन नसकेको हो।

सङ्खुवासभाको सिलिचोङ, भोजपुरको शाल्पा सिलिचो, सोलुखुम्बुको महाकुलुङ, सुनसरीको देवीगाउँलगायत २२ जिल्लामा एक लाख ५० हजार सङ्ख्यामा कुलुङ जाति बसोबास गरिरहेका छन् । आदिवासी जनजातिको अनुसूची अद्यावधिक गर्ने उच्चस्तरीय आयोगका तत्कालीन अध्यक्ष डा ओम गुरुङले सूचीकृत गर्नुपर्ने समुदायमा कुलुङ र मेवाहाङ जातिलाई राखेर प्रतिवेदन सरकारलाई बुझाए पनि उक्त जाति हालसम्म पनि आदिवासी जनजातिको सूचीमा सूचीकृत हुन सकेको छैन।

उक्त जातिलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्ने विषयमा सङ्खुवासभाका प्रतिनिधिसभा सदस्य खड्काले प्रतिनिधिसभाको बैठकमा आवाज उठाउँदै आए पनि हालसम्म सुनुवाइ हुन सकेको छैन।

भेटमा प्रतिनिधिसभा सदस्य खड्कासँगै कोसी प्रदेशका सांसद राजेन्द्र कार्की, सिलिचोङ गाउँपालिकाका अध्यक्ष भूपालराज राईलगायत कुलुङ तथा मेवाहाङ जातिका अध्यक्ष तथा प्रतिनिधिको सहभागिता थियो।रासस

# स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान हुने

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी साउन १ गतेदेखि स्वचालित प्रणालीमार्फत पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गर्ने भएको छ। म्यानपावर कम्पनीले आफ्नै कम्पनीमा बसेर वैदेशिक रोजगारीमा जाने श्रमिकको सूचना अनलाइनमा राख्न सक्ने र सूचना राखेपछि स्वतः श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्ने निर्णय भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार यो व्यवस्था कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनी श्रम तथा रोजगार कार्यालयमा धाउने अवस्थाको अन्त्य हुनेछ । मन्त्रालयले अहिलेको अनलाइन प्रणालीलाई परिमार्जन गर्दै पूर्व र अन्तिम श्रम स्वीकृतिसम्बन्धी सबै काम स्वचालित प्रणालीबाटै हुने व्यवस्था गरेको हो । वैदेशिक रोजगार व्यवसायीले गलत कागजात पेस गरी प्रविष्ट गरेमा वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली २०६४ बमोजिम कम्पनी खारेजीसम्मको सजाए हुने गरी निर्णय गरिएको जनाएको छ।

यसैगरी अबदेखि श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीले गर्ने गरी व्यवस्था गरिएको पनि श्रम सचिव अर्यालले जानकारी दिनुभयो। यसअघि 'फेमिस सिस्टम'मार्फत दिएका आवेदन विभिन्न तहमा कर्मचारीले प्रमाणित गर्ने हुँदा काम ढिलो हुने गर्दथ्यो।




पछिल्लो समय सबैखाले श्रम स्वीकृति अनलाइनमार्फत नै प्रदान हुन थालेपछि अब भने कुनै पनि कामका लागि कार्यालयमा गएर लाइन बस्नु पर्दैन । यसअघि श्रम स्वीकृति लिँदा 'बायोमेट्रिक' नभएकाले मात्र पुनःश्रम स्वीकृति लिनका लागि श्रम कार्यालयमा उपस्थित हुनपर्छ। यस्तो सङ्ख्या एकदमै न्यून हुने र बिनाझन्झट सेवा लिन सकिने मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगार ऐन, २०६४ मा भएको वैदेशिक रोजगारमा जाने हरेक कामदारले अनिवार्यरुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भएकामा वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत कामदारले अनलाइन आवेदन गरी श्रम स्वीकृति लिने व्यवस्था छ।

हाल एफइआइएमएसलाई समायानुकुल परिमार्जन गरी पूर्व/अन्तिम श्रम स्वीकृतिसम्बन्धी कार्य स्वचालित प्रणालीबाटै गरी समयमा नै श्रम स्वीकृति प्रदान गर्ने र कार्यालयमा कार्यरत अधिकृत तहका कर्मचारीलाई एफइआइएमएसको विवरण अनुगमनमा केन्द्रित गर्ने निर्णय मन्त्रालयले गरेको हो। सुरक्षार्थ प्रहरी नायब उपरीक्षकको कमाण्डमा टोली खटाइने

वैदेशिक रोजगार विभागको सुरक्षार्थ नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) को कमान्डमा सुरक्षाकर्मीको टोली खटाइने भएको छ । विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकसहितको टोली खटाइने विषयमा आवश्यक गृहकार्य तथा छलफल भइरहेको विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीले बताउनुभयो।

उहाँले भन्नुभयो, "विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षक खटाइने विषयमा गृहकार्य र छलफल भइरहेको छ, कहिलेसम्म राखिने यकिन तय हुन बाँकी छ।" विभागमा बढ्दो सेवाग्राहीको चाप र हुल हुज्जत हुन थालेपछि विभागले सुरक्षाकर्मी माग गरेको जनाइएको छ । विभागको सुरक्षार्थ प्रहरी नायब उपरीक्षकको कमान्डमा सुरक्षाकर्मीको टोली खटाउने विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्णय गरेर गृह मन्त्रालयलाई पठाएको थियो।

गृह मन्त्रालयले भने हालसम्म कुनै निर्णय नगरेको बताइएको छ । गृह मन्त्रालयबाट लामो समयसम्म पनि कुनै पहल अगाडि नबढेपछि विभागले नै सक्रियता देखाएको जनाइएको छ। दिनदिनै ठगीका घटना बढ्दै जाने र विभागमा आएर अनावश्यक होहल्ला गर्नुका साथै काममा अवरोध सिर्जना हुँदै आएको सूचना अधिकारी सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार हाल विभागमा सादा पोशाकमा प्रहरी खटाइएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिक दिनप्रतिदिन ठगिदै आएका घटनाका उजुरी विभागमा दिनहुँ बढ्दै गएको विभागले जनाएको छ।रासस



इथियोपिया-एडिस अबाबा-फ्रेन्डशिप पार्क : इथियोपियाको अदिस अबाबामा रहेको फ्रेन्डशिप पार्कको दृश्य देखाउँछ । *तस्विर : सिन्ह्वा*

# विश्वकप छनोटका लागि नेपाली टिम जिम्बावेतर्फ

**टुडे समाचारदाता**

काठमाण्डु । आइसिसी एकदिवसी विश्वकप क्रिकेट छनोट प्रतियोगिताका लागि नेपाली जिम्बावेतर्फ गएको छ।


दक्षिण अफ्रिकामा दश दिन तयारी गरेपछि नेपाली टिम उतैबाट आज जिम्बावे गएको हो।

दक्षिण अफ्रिकामा रहदा नेपालले दुई अभ्यास खेलेको थियो। स्कटल्यान्ड र नेदरल्यान्ड्स दुवै टिमविरुद्धको अभ्यास नेपाल कमजोर ब्याटिङ गर्दा पराजित भएको थियो।

अब नेपालले जिम्बावेमा प्रतियोगिताअघि ओमान र युएईसँग वार्मअप खेल खेल्नेछ।

१० टिमले भाग लिने प्रतियोगितामा नेपाल समूह ‘ए’ मा छ। समूहमा नेपालसहित, दुई पटकको विश्व विजेता वेस्ट इन्डिज, आयोजक जिम्बावे, नेदरल्यान्ड्स र अमेरिका छन्।

समूह ‘बी’ मा श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र युएई रहेका छन्।



नेपालले आफ्नो पहिलो खेल १८ जुनमा (असार ३) आयोजक जिम्बावेसँग खेल्नेछ। यस्तै नेपालले २० जुनमा (असार ५) अमेरिका, २२ जुनमा वेस्ट इन्डिज (असार ७) र २४ जुनमा (असार ९) नेदरल्यान्ड्ससँग खेल्नेछ।

पाँच-पाँच टिमको दुई समूहका लिग खेलपछि सुपर सिक्स हुनेछ। सुपर सिक्समा दुवै समूहका शीर्ष तीन-तीन टिम पुग्नेछन्।

सुपर सिक्समा एक समूहका तीन टिमले अर्को समूहका तीन टिमसँग खेल्नेछन्। जहाँ शीर्ष दुईमा पर्न सक्ने टिम आगामी अक्टोबर-नोभेम्बरमा भारतमा हुने आइसिसी विश्वकप क्रिकेटमा छनोट हुनेछन्।

**विश्वकप छनोटका लागि नेपाली टिम**

कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल (कप्तान), कुशल मल्ल, आरिफ शेख, दिपेन्द्रसिंह ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, ललित राजवंशी, प्रतिश जिसी, अर्जुन साउद, किशोर महतो रहेका छन् ।

# भीषण वर्षा र चट्याङमा परेर अट्ठाइस जनाको मृत्यु, एक सय चालीसभन्दा बढी घाइते

**एएनआई**

इस्लामाबाद । पाकिस्तानको खैबर पख्तुनख्वा र पञ्जाबका विभिन्न भागमा शनिबार परेको भारी वर्षा र चट्याङका कारण कम्तीमा २८ जनाको मृत्यु भएको छ भने एक सय ४० जनाभन्दा बढी घाइते भएका छन् ।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार खैबर पख्तुनख्वा को बन्नु, डेरा इस्माइल खान, करक र लक्की मारवतमा वर्षाका कारण २५ जनाको मृत्यु भएको छ भने एक सय ४५ जना घाइते भएका छन् । बाढीका कारण ६९ घरमा आंशिक क्षति भएको । पाकिस्तानी प्रसारण संस्था जियो न्यूजले जनाएको छ ।



प्राधिकरणका अनुसार करकमा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । वर्षाका कारण डेरा इस्माइल खानमा एक बालकको मृत्यु भएको छ । अन्य दुई जना घाइते भएका छन् ।

बाढी प्रभावित खैबर पख्तुनख्वाका सबै क्षेत्रमा खोजी तथा उद्धार जारी छ । पीडितलाई राहत सामग्री उपलव्ध गराइएको तथा त्यो अहिले जारी रहेको उद्धारकर्मीले बताएका छन् । घाइतेलाई अस्पताल पुऱ्याइएको छ ।

आँधीबेहरीसहितको भारी वर्षाले पञ्जाब प्रान्तका धेरै क्षेत्रमा भौतिक क्षति भएको छ । प्रान्तका सरगोधा, गुजरनवाला, फैसलाबाद अधिक प्रभावित भएका छन् ।

# सुडानी नागरिकका लागि आधारभूत आवश्यकता पूरा गर्ने दुर्लभ मौका

एएफपी

खार्तुम । सुडानको राजधानी खार्तुममा शनिबार दुई युद्धरत जनरलबीच २४ घण्टे युद्धविराम लागू भएपछि खार्तुमका बासिन्दाले अशान्तिमा कमी आएको बताएका छन् ।

“युद्ध सुरु भएयता यो पहिलो पटक हो, समय बित्दै छ र हामीले बन्दुकको आवाज सनेका छैनौं,” स्थानीय हामेद इब्राहिमले भन्नुभयो । आजको दिन हाम्रो पूर्वी खार्तुम र छिमेकमा पनि बिल्कुलै फरक भएको छ ।”

सेना प्रमुख अब्देल फत्ताह अल बुरहान र अर्धसैनिक ऱ्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) को नेतृत्व सम्हालिरहेका उहाँका पूर्व सहयोगी मोहमद हमदान डग्लो र उनीहरूको अनुयायीले गत अप्रिलको मध्यदेखि नै देशमा युद्ध गरिरहेका छन् ।

द्वन्द्व चर्किएपछि धेरै पटक युद्धविरामका लागि सहमति भएको छ र तोडिएको छ । मे महिनाको अन्त्यमा अन्तिम प्रयास असफल भएपछि वासिङ्टनले दुवै प्रतिद्वन्द्वी जनरलमाथि प्रतिबन्ध लगाएको थियो ।

लगभग दैनिक रूपमा ग्रेटर खार्तुमलाई तहसनहस पार्ने हवाई आक्रमण र तोपखानाको बमबारीहरू अस्थायी रूपमा भए पनि रोकिएका छन् । यसले फसेका नागरिकहरूलाई अति आवश्यक सामग्रीहरू किन्न बाहिर जाने अवसर दिएको छ ।

“आज हामीले पूर्ण शान्ति देखेका छौं,” राजधानीको भगिनी शहर ओमदुरमानका बासिन्दा ओथमान हामेदले भन्नुभयो ।

शनिबार खार्तुमको एउटा बजारमा मानिसहरू फलफूल र अन्य आधारभूत वस्तुहरू भण्डारण गर्न लालायित देखिन्थे ।



“हालैका दिनहरूमा तोकिएको खाद्य मात्राको भरमा चल्नुपरेपनि यो युद्धविराम हाम्रो लागि केही खाद्य सामग्री प्राप्त गर्ने अवसर हो,” एक पसले मोहम्मद राडवानले भन्नुभयो । स्थानीय हजर युसुफको निर्मम पीडा शान्तिसँगै बाहिरिएको छ । उहाँका अनुसार उहाँ मधुमेहबाट पीडित आफ्नी आमाका लागि इन्सुलिन किन्न खुला फार्मेसीको खोजीमा बाहिर निस्कनुभएको थियो,” दुर्भाग्यवश, मैले यो औषधी कते फेला पार्न सकिनँ ।”

धेरै मानिसहरूले युद्धविरामको प्रतिज्ञा गरिएको दायरा यति सीमित भएकोमा निराशा पनि व्यक्त गरेका छन् । जे होस्, केही नहुनुभन्दा यही पनि राहत भएको छ ।

खार्तुम उत्तरका बासिन्दा महमुद बशीरले भन्नुभयो, “एक दिनको युद्धविराम हामीले अपेक्षा गरेको भन्दा निकै कम हो । हामी यो निन्दनीय युद्धको अन्त्यको आशामा छौं ।” युद्धविरामले दिएको सुरक्षा केवल राजधानीबाट भाग्नका लागि एउटा अपूर्व अवसर भएको कतिपय खार्तुमबासीले बताएका छन् ।

बस स्टेसनका कर्मचारी अली इसाले प्रान्तहरूको सापेक्षिक सुरक्षाका लागि धेरै मानिसहरू राजधानीबाट भाग्नका लागि युद्धविरामको प्रयोग गरिरहेको बताउनुभयो ।

“आज, संख्यामा उल्लेखनीय वृद्धि भएको छ, सायद यो दोब्बर पनि हुन सक्छ,” उहाँले भन्नुभयो ।

द्वन्द्वको अर्को मुख्य युद्धभूमि डार्फरको पश्चिमी क्षेत्रमा युद्धविरामको पालनाको बारेमा तत्काल कुनै शब्द थिएन ।

सशस्त्र द्वन्द्व स्थान तथा घटना तथ्याङ्क परियोजनाका अनुसार यस झडपमा परी एक हजार ८०० भन्दा बढीको मृत्यु भएको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार करिब २० लाख मानिस विस्थापित भएका छन्, जसमध्ये चार लाख ७६ हजार छिमेकी मुलुकमा शरण लिएका छन् ।

शुक्रबार युद्धविरामको घोषणा गर्दै अमेरिका र साउदी मध्यस्थताकर्ताले युद्धरत पक्षलाई यस पटक आफ्नो प्रतिबद्धता पूरा नगरेमा उनीहरूले आफ्नो कूटनीतिक प्रयास तोड्न चेतावनी दिएका छन् ।

“यदि युद्धरत पक्षहरूले २४ घण्टे युद्धविरामको पालना गर्न असफल भए, सहजकर्ताहरूले साउदी शहर जेद्दाहमा गत महिनाको अन्त्यदेखि स्थगित गरिएको वार्ता स्थगित गर्न विचार गर्न बाध्य हुनेछन्,” अमेरिका र साउदी मध्यस्थताकर्ताले बताए ।

सुडानका विशेषज्ञ एली भर्जीका अनुसार यो युद्धविराम यसपूर्वको तुलनामा राम्रो हुनुपर्ने कुनै कारण आफूले देखेको छैन ।

स्वीडेनको युनिभर्सिटी अफ गोथेनबर्गका अनुसन्धाता भर्जीले भन्नुभयो, “दुर्भाग्यवश, कुनै पनि पक्षका लागि प्रोत्साहनमा परिवर्तन आएको छैन ।

विशेष गरी यति छोटो अवधिको युद्धविरामले समान अन्तर्निहित मान्यताहरूको साथ युद्धविरामको अर्थलाई समेट्न र युद्धविरामको पालना र उल्लङ्घनको एकदम फरक परिणामको मूल्याङ्कन गर्न सम्भव हुने छैन ।

अमेरिकी प्रतिबन्ध र वार्ता भङ्ग हुनसक्ने चेतावनीले दुबै पक्षलाई अस्थायी रूपमा नै भएपनि युद्धविरामको सहमति पालना गर्न बाध्य बनाएको छ ।

# तीन जनाको मृत्यु

**सिन्ह्वा**

अस्ताना । पूर्वी कजाकिस्तानको अबाइ क्षेत्रमा बिहीबारदेखि जङ्गलमा लागेको डढेलोमा परी तीन जनाको मृत्यु भएको छ भने ११ जना बेपत्ता भएका छन् ।

आगो निभाउने, खोजी र उद्धारकार्यमा ८०० भन्दा बढी मानिस परिचालित भएका छन् । जोखिममा रहेका करिब ७०० बासिन्दालाई विस्थापित गरी आश्रयस्थलहरू पुनःस्थापना गरिएको छ।

उच्च तापक्रम, तीव्र हावाको हावाहुरीका बाबजुद पनि भयावह स्थिति नियन्त्रणमा ल्याइएको कजाखको आपतकालीन अवस्था मन्त्रालयको अग्नि सेवा समितिका अध्यक्ष नुरबोलाट डर्बिसोभले बताउनु भएको छ ।

# जी ट्वेन्टीका विकासमन्त्रीहरूको बैठक वाराणसीमा

**एएनआई**

वाराणसी । युरोपेली सङ्घ, औद्योगिक एवम् विकासोन्मुख राष्ट्रसहित विश्वका सबैभन्दा ठूला अर्थतन्त्र भएका १९ देश मिलेर बनेको अन्तरसरकारी मञ्च जी ट्वेन्टीका विकासमन्त्रीरूको बैठकमा भाग लिन ब्राजिल, जर्मनी, जापान, इन्डोनेसिया र चीनका प्रतिनिधिवाराणसी आइपुगेका छन् ।

विमानस्थलमा विदेशी पाहुनालाई अवधको फरुवाही नृत्य टोली र काशी विश्वनाथ डमरु वदन समितिले भव्य स्वागत गरेको थियो । विमानस्थलमा विदेशी पाहुनाले डमरु वदन र भारतीय नृत्य पनि प्रस्तुत गरेका थिए । आगामी तीनदिनसम्म आयोजना हुने मन्त्रीस्तरीय बैठकमा भागलिन पवित्र नगरी काशी आउनेमा अष्ट्रेलियाका राजनीतिज्ञ प्याट्रिक कोनरोय, भारतका लागि ब्राजिलका राजदूत मौरिसियो लिरियो, अन्तरराष्ट्रिय साझेदारीका लागि युरोपेली आयुक्त जुट्टा उर्पिलेनेन, जर्मनीका आर्थिक सहयोग तथा विकासमन्त्री स्वेन्जा शुल्जे, जापानी मन्त्री शुन्सुके ताकेई र चीनका झाओ यिफानलगायत हुनुहुन्छ ।

सांस्कृतिक विविधताले समृद्ध भारतका नागरिकले विमानस्थलमा आफूहरूलाई गरेको स्वागतबाट विदेशी पाहुना निकै खुसी देखिएका थिए । बैठकको अध्यक्षताजी ट्वेन्टीको वर्तमान अध्यक्ष देश भारतका विदेशमन्त्री एस जयशङ्करले गर्नभएको छ ।

# बेल्ट एण्ड रोड चलचित्र सप्ताह साङ्घाईमा शुरु

**सिन्ह्वा**

शाङ्घाई । पच्चीसौं साङ्घाई अन्तरराष्ट्रिय चलचित्र महोत्सवको एक भागको रूपमा बेल्ट एण्ड रोड चलचित्र सप्ताह शनिबार पूर्वी चीनको शाङ्घाई महानगरमा शुरु भएको छ ।

यस वर्षको महोत्सवमा स्वदेश तथा विदेशका कुल २० वटा चलचित्र प्रदर्शन हुनेछन् । ती मध्ये चिनियाँ फिल्म “अबसेन्स“ र हङ्गेरी फिल्म “सिक्स विक्स“ सहित आठ वटा चलचित्रले पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन् ।

“चलचित्र भनेको जीवन र सपनाको प्रदर्शन हो। मानिसहरू चलचित्रको माध्यमबाट गहिरो भावनाको आदानप्रदानको चाहना राख्छन्,“ चिनियाँ अभिनेता लेई जियाइनले भन्नु भएको छ । उहाँ यस वर्षको बेल्ट एण्ड रोड चलचित्र महोत्सवको प्रवर्द्धन दूत पनि हुनुहुन्छ।

“विश्वभरका चलचित्र निर्माताहरूले पनि ’बेल्ट एण्ड रोड’ को इतिहास, वर्तमान र भविष्यलाई प्रदर्शन गर्न सक्ने थप उत्कृष्ट कार्यहरू सिर्जना गर्ने आशा राख्छन्,“ लेईले भन्नुभएको छ । यो वर्ष बेल्ट एण्ड रोड इनिसिएटिभको १० औं वार्षिकोत्सवका साथै बेल्ट एण्ड रोड फिल्म फेस्टिभल एलायन्सको ५ औं वार्षिकोत्सव मनाइदैछ।

बेल्ट एण्ड रोड चलचित्र सप्ताह जुन १८ सम्म चल्नेछ। स्क्रिनिङ सत्रहरूका अतिरिक्त, शिखर सम्मेलन, अन्तरक्रिया मञ्च र अन्य थुप्रै प्रतियोगिताहरू यसमा समावेश हुनेछन् ।

# यहुदी कांग्रेसको सम्मेलनमा इजरायलमा ५० देशका १२० यहुदी नेता सहभागी



**एएनआई**

तेल अवीव । इजरायलको विदेश मन्त्रालयले बुधबार विश्व यहुदीकाङ्ग्रेसकोप्रतिनिधिमण्डलको आयोजना गरेको छ । इजरायलको ७५औं वार्षिकोत्सव मनाउँन आएका विभिन्न ५० देशका १२० भन्दा बढी यहुदी नेताहरूले सो सम्मेलनमा भाग लिएका छन् ।

यस “बृहत् प्रतिनिधिमण्डल”को उद्देश्य “इजरायलका नागरिकसँग समर्थन र ऐक्यबद्धता देखाउनुका साथै हामीबीच साझारूपमा देखिएका विभिन्न मुद्दामा वार्तालापलाई बढावा दिनु हो ।”

परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विश्व यहुदी काङ्ग्रेसका कार्यकारी निर्देशक अर्न्स्ट रोजेनबर्गले भने, “हामी यहाँ स्पष्ट सन्देश दिन आएका छौं, हाम्रा चुनौती साझा छन्, हाम्रा विचार साझा छन्, हामी यहाँ ऐक्यबद्धता व्यक्त गर्न आएका हौं ।”

परराष्ट्र मन्त्रो लय र डायस्पोरा डिभिजनले यहुदी जनतासँगको सम्बन्धलाई जोगाउन र सुदृढ गर्नका लागि जेरुसेलम र विश्वभरका सबै इजरायली दूतावासबाट काम गरिरहनेछ ।

“हामी हाम्रो ७५औं वार्षिकोत्सवसँगै मनाउन पाउँदा खुसी र कृतज्ञ छौं । देश र वार्ताका लागि प्रतिबद्ध छौं ।” सहभागीले भनेका छन्।

# पाकिस्तानको कराँचीमा बन्दुकधारीले आक्रमण गर्दा दुई जना प्रहरीको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको दक्षिणी बन्दरगाह शहर कराँचीमा अज्ञात बन्दुकधारीले आक्रमण गर्दा दुईजना प्रहरीको ज्यान गएको छ ।

प्रहरीका अनुसार शनिबार साँझ सो शहरको सोहराब गोठ क्षेत्रमा प्रहरीको मोबाइल भ्यानमा गस्तीमा रहेका प्रहरीले मोटरसाइकलमा आएका केही शङ्कास्पद व्यक्तिलाई देखेर रोकिन सङ्केत गर्दा उनीहरूले प्रहरी माथि गोली चलाएका थिए ।

मृतकको शव स्थानीय अस्पतालमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताइएको छ ।

# भीडन्तमा तीन सैनिक र तीन आतङ्ककारीको मृत्यु

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको उत्तरी वजिरिस्तान जिल्लामा सुरक्षा बल र आतङ्ककारीबीच भएको भीडन्तमा तीन सुरक्षाकर्मी र तीन आतङ्ककारीको मृत्यु भएको छ । आतङ्ककारिसँगको गोली हानाहानमातीन तीनजना सैनिकले पनि ज्यान गुमाएका छन् । मारिएका आतङ्ककारीहरूबाट हतियार र गोलाबारुद बरामद गरिएको छ ।

यस क्षेत्रमा फेला परेका अन्य आतङ्कवादीहरूलाई हटाउनको कारबाही तीव्र पारिएको छ ।


**आलु खन्दै किसान** : रोल्पा माडी गाउँपालिका-१ स्थित झिनुवाका किसान माघमा रोपेको आलु खन्दै । *तस्विर : रासस*

# सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले भन्सार छलीको सामान बरामद गरेको छ ।

धनुषाको विभिन्न स्थानबाट चोरी पैठारी गरी ल्याउँदै गरेको समान बरामद भएको छ ।

एक लाख ३२ हजार मूल्य बराबरको समान बरामद गरी प्रहरीले भन्सारमा बुझाएको धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए । उनका अनुसार बरामद गरी ल्याइएको सामानहरु लत्ताकपडा रहेको छ ।

यस्तै,धनुषा प्रहरीले नै भन्सार छलीको कुखुरा पनि बरामद गरेको छ। सबैला नगरपालिका ४ बधवनबाट पटेर्वातर्फ जाँदै गरेका एक सय २० वटा कुखुरा बरामद गरेको छ। करीब एक लाख ७२ हजार मूल्य बराबरको सामान नियन्त्रणमा लिइ जिल्ला पशु कुवारेन्टाइन कार्यालयमा पठाइएको छ।

प्र.२-०२-००३ प.६४८८ र ज. ३ प. ७३६४ नम्बरको मोटरसाइकलमा कुखुरा ओसार पसार गर्दै थियो । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यस्तै, महोत्तरी प्रहरीले सावा लाख भन्दा बढीको अवैध सामान बरामद गरेको छ । जिल्ला प्रहरी



कार्यालय महोत्तरीका अनुसार आइतबार भारतबाट भन्सार छली गरी ल्याउँदै गरेको अवस्थामा १ लाख २६ हजार बराबरको मोटरसाइकल तथा कपडाहरु बरामद गरिएको छ।

प्रहरी टोलीलाई देखेपछि सामान छाडेर भरियाहरु मोटरसाइकल र कपडा छोडेर भागेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी दिलीप कुमार गिरिले बताए।

बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालयमा बुझाइने बताइएको छ।

त्यसैगरी, प्रहरीले आइतबारै सम्सी गाउँपालिका-५ संग्रामपुरमा भारतबाट नेपालतर्फ अवैध रुपमा

ल्याउँदै गरेको अवस्थामा ११ हजार ६ सय मूल्य बराबरको किरानाका सामानहरु प्रहरीले बरामद गरेको छ।

पोखरभिण्डा प्रहरी चौकीबाट खटेको टोलीलाई देख्नासाथ भरियाहरु सामान छोडेर भागेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

त्यस्तै,भारतबाट नेपालतर्फ अवैध रुपमा गरेको विभिन्न किसिमका सामान करीब पाँच हजार मूल्य बराबरको सामान ल्याउँदै गरेको अवस्थामा प्रहरी चौकी रघुनाथपुरबाट खटेको टोलीले बरामद गरेको छ।

त्यसैगरी महोत्तरी प्रहरीले २० हजार बराबरको दुई वटा खसी समेत नियन्त्रणमा लिएको छ । ईटहरवा कट्टी नजिकबाट आइतबार खसीहरु नियन्त्रणमा लिइएको र भरिया भागेको प्रहरीले जनाएको छ। नियन्त्रणमा लिइएका खसीहरुलाई आवश्यक कारबाहीकालागि जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइनेछ।

# सिटिजन्स बैंकद्वारा प्रोजेक्टर वितरण



**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनलले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोशी प्रदेशस्थित रंगेली अस्पताललाई २ वटा पोस्ट अपरेशन मोनिटर र एउटा भ्याक्सिन स्टोरेजको लागि फ्रिज प्रदान गरेको छ।

सिटिजन्स बैंक इन्टरनेशनलको प्रदेश कार्यालय विराटनगर मार्फत शाखा कार्यालय रंगेलीद्वारा रंगेली अस्पातलाई एक समारोहका बीच ती सामान प्रदान गरिएको छ।

उक्त कार्यक्रममा रंगेली नगरपालिकाका नगर प्रमुख दिलीप कुमार अग्रवाल, उपप्रमुख भुमा पराजुली, रंगेली अस्पाताल विकास समितिका अध्यक्ष साथै अन्य अस्पातल प्रशासनका कर्मचारी र बैंकका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

यसको साथै सिटिजन्स बैंकले डिल्लीबजार स्थित डिल्लीबजार कन्या क्याम्पसलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रोजेक्टर हस्तान्तरण गरको छ।

विद्यार्थीहरुलाई पठानपाठन मा सजिलो होस भन्ने मनासयले प्रोजेक्टर प्रदान गरको छ।

निकट भविष्यमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत यस्ता कार्यक्रमहरु प्रदेशका अन्य शाखाहरुमार्फत सञ्चालन गर्नेयोजना रहेको जनाएको छ।

# दराज नेपाल र एनएमबि बैंकबीच साझेदारी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको अग्रणी ई-कमर्स प्लेट्फर्म दराज एन.एम.बि बैंकसँग साझेदारी गरी दराज एन.एम.बि कर्जा सुबिधाको सुरुवात गरेको छ।

दराज एनएमबी सजिलो कर्जा नामक यो पहलले बिक्रेताहरूलाई धितोरहित ऋणमा सहज पहुँच प्रदान गरी उनीहरूलाई आफ्नो व्यवसाय विस्तार गर्न र वृद्धिका नयाँ अवसरहरू प्राप्त गर्न सक्षम बनाउने लक्ष्य राखेको छ।

उक्त सम्झौतामा दराज नेपालको प्रबन्ध निर्देशक आचल कुँवर र एन.एम.बि बैंकका नायब प्रमुख अधिकारी गोविन्द घिमिरेले मार्च १९, २०२३ मा हस्ताक्षर गरेका थिए।

दराज एनएमबी सजिलो कर्जा कार्यक्रम अन्तर्गत, बिक्रेताहरूले नेपालकै प्रतिष्ठित बैंकिङ संस्थाहरू मध्येको एक एनएमबी बैंकबाट उपलब्ध गराइने ऋणहरू प्राप्त गर्न सक्छन्। दराज र एनएमबी बैंकबीचको यस सहकार्यले उद्यमशीलताको भावना र देशको आर्थिक वृद्धिमा सहयोग गर्ने उनीहरूको




प्रतिवद्धतालाई उजागर गर्दछ।

दराज एनएमबी सजिलो कर्जाको मुख्य विशेषताहरू मध्ये एक धितोरहित ऋणको प्रावधान हो। यसको मतलब यो हो कि विक्रेताहरूले कुनै पनि प्रकारको सुरक्षा वा धितो प्रदान नगरी धेरै-आवश्यक कोषहरू पहुँच गर्न सक्छन्। यस सुविधाले साना र मझौला उद्यमहरूले वित्तीय सहायता खोज्दा सामना गर्ने परम्परागत अवरोधहरूलाई हटाउँछ, यसरी अनगिन्ती सम्भावनाहरूको ढोका खोल्छ।

दराज प्लेटफर्ममा बिक्रेताहरूले आफ्नो व्यावसायिक आवश्यकता अनुसार पाँच लाखसम्मको ऋणका लागि आवेदन दिन सक्छन्। यो ऋण रकमले विक्रेताहरूलाई सूचीमा लगानी गर्न, तिनीहरूकोउत्पादन प्रस्तावहरू विस्तार गर्न, मार्केटिङ गतिविधिहरू बढाउन र तिनीहरूको समग्र सञ्चालन सुधार गर्न सक्षम बनाउँछ।

यो ऋण सुविधा प्राप्त गरेर, विक्रेताहरूले आफ्नो पूर्ण क्षमता अनलक गर्न र आफ्नो व्यवसायलाई ठूलो उचाइमा मापन गर्न सक्छन् । दराज एनएमबी सजिलो कर्जा सुविधा प्राप्त गर्न, विक्रेताहरूले दराज सेलर सेन्टर मा गएर अनलाइन ऋणको लागि आवेदन दिन सक्छन्।

**दराज नेपालको बारेमा**

दराज नेपालको अग्रणी अनलाइन बजार हो, जसले इलेक्ट्रोनिक्स, फेसन, र घरेलु उपकरणहरू जस्ता विभिन्न वर्गहरूको अनलाइन व्यापार गर्दछ। यसको प्रयोगकर्ता-मैत्री प्लेटफर्म र सुरक्षित भुक्तानी विकल्पहरूको साथ, दराजले नेपालमा ई-कमर्स प्लेट्फर्ममा ठुलो फड्को मारेको छ।

**एनएमबी बैंकको बारेमा**

एनएमबी बैंक नेपालको प्रमुख बैंकहरू मध्ये एक हो, जसले नवीन वित्तीय समाधान र उत्कृष्ट ग्राहक सेवा प्रदान गर्ने प्रतिबद्धताका लागि परिचित ट। बैंकिङ क्षेत्रमा बलियो उपस्थितिका साथ एनएमबि बैंकले नेपाली अर्थतन्त्रको वृद्धि र विकासमा योगदान पुर्याउने लक्ष्य राखेको छ।

# आत्मनिर्भर बन्दै सिरहाका सङ्गठित महिला

लहान । सिरहाको धनगढीमाई नगरपालिका-११ शान्तिपुरकी किसुनदेवीमहतोलाईकुनैबेलासामान्य रकमको जोहो टार्न पनि श्रीमान रामदेव महतोको भर पर्नुपर्थ्यो । यो सिलसिला वर्षौं चल्यो। तर जबदेखि उहाँले तरकारी खेती सुरु गर्नुभयो, त्यसयता सामान्य घरखर्च र गुजारा चलाउन श्रीमानको भर पर्ने अवस्था करिब अन्त्य भएको छ।

'शान्ति उद्यम महिला समूह'की सदस्य महतोले सोही समूहबाट रु १० हजार ऋण काडेर व्यावसायिक तरकारी खेती सुरु गर्नुभएको थियो। त्यसैबाट सजिलै गर्जो टर्दै आएको महतोको भनाइ छ । समूहमा महिनाको रु दुई सय बचत गर्नेमा किसुनदेवी जस्तै अन्य २३ जना महिला सङ्गठित हुनुहुन्छ।

उहाँहरुमध्ये कसैले हस्तकला, साना उद्योग त कसैले तरकारी खेती गरेर दैनिक गुजारा टारिरहनुभएको छ । यसले जिल्लाका महिलालाई आत्मनिर्भर बन्न सघाउ पुगेको स्थानीय वीरेन्द्र ठाकुरले बताउनुभयो । महिला समूहमा आवद्धमध्ये तीन जनाले चिया/नास्ता पसल, छ जनाले तरकारी व्यवसाय, दुई जनाले सिलाइबुनाइ, दुई जनाले किराना पसललगायत हाते सीप र कलाको प्रयोग गरी बनाइने बच्चाका खेलौना तथा गुडिया, घर एवम् कार्यालय सजावटका सामग्री बनाउँदै आत्मनिर्भरतर्फ अग्रसर हुनुभएको छ।

"दश जनाबाट बचत समूह सुरुवात गरेका थियौँ, अहिले २३ जना भएका छौँ", किसुनदेवीले भन्नुभयो, "महिनामा रु दुई सयका दरले बचत गर्ने गरेका छौँ। करिब तीन लाख बचत पुगिसकेको छ। यसबाट महिनामा एकजना सदस्यलाई रू १० हजारको दरले सस्तो ब्याजदरमा पेसा, व्यवसाय गर्नको लागि ऋण दिने नियम बनाएका छौँ।"

यसरी महिलालाई



आत्मनिर्भरतातर्फ अग्रसर हुन लाहानस्थित गैरसरकारी संस्था 'दलित जनकल्याण युवा क्लब'ले सहयोग र उत्साहित गरेको हो भने त्यो प्रयासमा 'एक्सन नेपाल' नामक संस्थाको पनि सहयोग रहेको छ।

सो संस्थाले रु एक लाख शान्ति उद्यम महिला समूहलाई सहयोग गरेको थियो । "विभिन्न संस्था तथा स्थानीय निकायबाट आर्थिक सहयोग, सीपमुलक तालिम पाउँदा हामीलाई निकै राहत भएको छ । यसले छरिएर रहेको सानोतिनो पुँजीलाई जम्मा गरी व्यवसायमा लगानी गर्न पनि प्रेरित गरेको छ", किसुनदेवीले भन्नुभयो।

त्यसैगरी लहान नगरपालिका-१२ की सुप्रेखा सदाय विगत चार वर्षदेखि शीतल महिला समूहमा आबद्ध हुनुहन्छ। कुल १७ जना सदस्य रहेको सो समूहले पनि सुरुमा रु पचास बचत गर्थ्यो भने अहिले रु एक सय पुऱ्याइएको छ । क्लबकै सहयोगमा प्राप्त एउटा सिटी सफारी (अटो) बाट एकजना महिला सदस्यलाई रोजगारी दिइएको छ भने नाफाबाट दैनिक रू पाँच सय समूहमा बचत गर्ने गरिएको सुप्रेखाले बताउनुभयो।

त्यस्तै औरही गाउँपालिका–५ की चाँदनी दाससँगै विगत १० वर्षदेखि 'दिहिबार मुट्ठी बचत समूह' मा २५ जना महिला दिदीबहिनीहरु आवद्ध हुनुहुन्छ। मासिक रु एक सय बचत गर्ने सो समूहमा अहिले कूल पूँजी रु चार लाख पुगेको छ। सोही रकम परिचालन र अन्य सीपमुलक तालिम लिएर यसमा आवद्ध महिला आत्मनिर्भरता बन्दैछन्।

लहानमा यस्ता कैयन समूह छन्। जसमा सम्बद्ध सदस्य सानो पुँजी लगानी गरेर आत्मनिर्भरतर्फ उन्मुख छन् । यो प्रयासमा स्थानीय सरकारले पनि केही सहयोग गरेको भए व्यवसाय विकासमा थप सहज हुने अपेक्षा यहाँका महिलाको छ। शान्ति उद्यम महिला समूहकी सचिव फुलकुमारी महतो भन्नुहुन्छ, "सरकारले गर्नुपर्ने काम गैरसरकारी संस्थाले गरिदिएको छ। यसमा यहाँका स्थानीय तहले पनि आर्थिक सहयोग गरिदिए हामीलाई ठूलो राहत हुने थियो। थोरै बचतबाट, थोरैले मात्र सहयोग लिने अवस्थाको पनि अन्त्य हुन्थ्यो।"

ग्रामीणभेगका आर्थिक रुपमा विपन्न दलित तथा अन्य महिलालाई लक्षित गरेर आयआइतबार्नमार्फत सशक्तिकरण सहयोग गरिरहेको दलित जनकल्याण युवा क्लब लहानका अध्यक्ष उमेश विसुङ्के बताउनुहुन्छ।

"महिलाको सीप तथा उद्यमशीलता विकास र महिला सशक्तिकरणको माध्यमबाट आर्थिक रूपमा कमजोर र विपन्न महिलाको जीवनस्तर उकास्न उहाँहरुलाई सङ्गठित गरी आयआइतबार्नमूलक काम गरिरहेका छौँ । यसले उहाँहरुलाई निकै राहत भएको छ", उहाँले भन्नुभयो, "अब यी महिला समूहलाई सहकारीमा रुपान्तरण गर्ने योजना छ । अहिले सहकारी दर्ता तथा त्यसपछि गर्नुपर्ने काम कर्तव्यको बारेमा उहाँहरुलाई तालिम पनि दिइरहेका छौँ।"

दलित, विपन्न र उपेक्षित समुदायका महिलाले सानो काम गर्दा पनि ऋणको भारी बोक्नुपर्ने विवशताको अन्त्यका लागि यस अभियानले सघाउ पुऱ्याइरहेको बताउनुहुन्छ राजनीतिक विश्लेषक तथा राष्ट्रिय दलितमुक्ति जागरण अभियानकर्ता राजेश विद्रोही।

"प्रायः महिलाको स्वामित्वमा निजी सम्पत्ति प्रायः हुँदैन । जसले गर्दा महिलाले हरेक कामका लागि पुरुषहरुमा निर्भर हुनुपर्ने बाध्यात्मक अवस्था छ", विद्रोही भन्नुहुन्छ, "बेरोजगार पुरुष कामका लागि खाडी मुलुकतिर जाने र महिला परम्परागत कृषि तथा घरायसी काममा नै सीमित हुनुपर्ने अवस्था छ तर पूँजीको अभावमा उहाँहरुको ऊर्जा त्यसै खेर गइरहेको बेला यस्ता सानातिना सहयोगले पनि राहत दिन्छ।" उहाँले राज्यले नै महिलामुखि नीतिनिर्माण गरी पेसा र व्यवसायसँग जोड्ने योजना तर्जुमाको खाँचो औँल्याउनुभयो।

त्यसैगरीप्रध्यापक डा विजयप्रसाद मिश्र सरकारले अधिसारेका महिलामुखी नीति तथा योजना पनि कागजमै सीमित हुने अवस्थाको अन्त्य जरुरी रहेको बताउनुहुन्छ । "ग्रामीण दूरदराजका विपन्न महिला दिदीबहिनीको जीवनस्तर अहिले पनि कहालिलाग्दो छ। गैरसरकारी संस्था राहत र योजना लिएर गाउँगाउँ पुग्दा आफैँले भोट दिएर जिताएको सरकार त्यहाँ पुग्न नसक्नु विडम्बनापूर्ण छ", प्रा डा मिश्रले भन्नुभयो, "सीप र क्षमतामा पहुँच नपुगेका, रोजगारीका अवसरबाट वञ्चित र उपेक्षित महिलाको जीविकोपार्जनका लागि उत्पादनसँग जोड्न सरकारले नीति तथा कार्यक्रम बनाउन र त्यसको कार्यान्वयन गर्न आवश्यक छ।"

स्थानीय सरकारले पनि लक्षित वर्ग विशेष महिला सशक्तिकरण शीर्षकमा बजेट छुट्याउनुपर्ने व्यवस्था छ । धनगढीमाई नगरपालिका–११ का वडा अध्यक्ष अशोक श्रेष्ठले पिछडिएको क्षेत्र र समुदायका महिलालाई लक्षित गरी विशेष नीति तथा योजना बनाउन आवश्यक रहेको बताउनुभयो। महिला समूहलाई सामूहिक खेती, माछा, कुखुरा, बाख्रापालन गर्न तथा अन्य कार्य गर्नलाई स्थानीय पालिकाबाट आगामी आर्थिक वर्षको बजेटमा निश्चित रकम छुट्टाउन आफूले पनि पहल गर्ने बताउनुभयो।

त्यस्तै लहान नगरपालिकाका प्रमुख महेश चौधरीका अनुसार नगरपालिकाको तर्फबाट महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन हस्तकला, सिलाइकटाइ, ब्यूटीपार्लर, ढाका, मोबाइल मर्मतलगायतका तालिम सञ्चालन गर्दै आएको बताउनुभयो।रासस

# नेपाल एसबिआई बैंक सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंक लि. ले Infosys Finacle Innovation Award 2023 प्राप्त गरेको ५ ।

उक्त अवार्ड च्यानल इनोभेसन गोल्ड अवार्ड विधा अन्तर्गत Infosys Finacle Innovation Awards 2023 द्वारा उत्कृष्ट एवम् भरपर्दो मोबाइल बैकिंग सेवा तथा सुविधाहरुका आधारमा YONO Nepal SBI का लागि प्रदान गरिएको छ।

नेपाल एसबिआई बैंकले ९३ शाखा, २२ एक्स्टेन्सन काउन्टर, १० शाखा रहित बैकिख्र सेवा, ७ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट अफिसका साथै १२८ एटिएम बाट आफ्नो सेवा प्रदान गर्दै आएको छ।





मधेश प्रदेश सरकार

**गृह, सञ्चार तथा कानून मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

**भुल सुधार सम्बन्धी सूचना**

यस मन्त्रालयको मिति २०८०/०२/२६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ नं. ७ मा प्रकाशित सूचनामा गृह, सञ्चार तथा कानून मन्त्रालय हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



**श्री जिल्ला प्रशासन कार्यालय धनुषाबाट**

**१५ दिने सुचना**

जिल्ला धनुषा साबिक धनुषाधाम गा.वि.स. नं. ७ बस्ने अर्जुन यादवको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित जग्गा यस कार्यालयको आदेशले उक्त जग्गा फुकुवा भई गएमा कुने व्यक्ति संघसंस्था र बैंक तथा वित्तिय संस्थालाई फरक पर्छ/पर्दैन ? फरक पर्ने भए यो सुचना प्रकाशित भएको मिति ले १५(पन्द्र) दिन भित्र सो को सुचना यस कार्यालयमा गराउनु हुन यो सुचना प्रकाशित भएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | धनुषाधाम | ७ (क) | १६३ | ०–६–० |

# माछा व्यापारले दियो मुखियालाई पहिचान

बाला खुद्दार

जनकपुरधाम । लगन भए गाउँघरमै सुन फलाउन सकिन्छ, यसको ज्वलन्त उदाहारण हो धनुषाको शहीद नगर नगरपालिका-४ ननुपट्टीका ७५ वर्षीय बौएलाल मुखिया ।

२०२३ साल तिर गाउँघरको नहर तथा खाल्डाखुल्डीमा माछा मारेर जीविकोपार्जन गर्ने मुखिया अहिले वार्षिक ४ करोडको हाराहारी माछाको व्यापार गर्दै आएका छन् ।

शून्यबाट आफ्नो व्यापार सुरु गरेका मुखिया कडा मिहेनत र लगनको कारण देशभरि माछा पालक किसानको रुपमा आफूलाई ब्राण्ड बनाउन सफल भएका छन् ।



मुखियलाई यहाँसम्म पुर्याउन विजय राज विष्टको ठूलो योगदान रहेको उनी बताउँछन् । मुखियालाई माछा पालन र व्यापार गर्न विष्टले नै प्रेरणा दिएका थिए ।

व्यापार फस्टाउँदै गएपछि मुखियासंग हाल निजी जग्गा ७ विघा क्षेत्रफलमा फैलिएको १५ वटा पोखरी तथा लिजमा ७० वटा गरी ८५ वटा पोखरीमा खाने माछा तथा भूरा उत्पादन गरी आर्थिक लाभ गर्दै आएका छन् ।

एउटा पोखरीमा वार्षिक साढे ५ क्वीन्टलसम्म माछा उत्पादन हुने गरेको छ । मुखिया मत्स्य प्रजनन् फार्म नामक माछा फार्म खोलेका मुखिया अहिले वृद्धि भएपछि उनका छोरा कन्हैया मुखिया र रमेश मुखियाले व्यवसायलाई अगाडि बढाउँदै आएका छन् । अहिले सो फार्ममा २५ जना कामदारहरु प्रत्यक्ष रोजगारी पाएका छन् भने करीब १० हजार भन्दा बढी सानो ठूलो व्यापारीहरु त्यहाँबाट माछा किनेर अन्यत्र बिक्री गरी आर्थिक उपार्जन गर्दै आएको मुखियाले बताए ।

भारतमा वार्षिक २५ लाखको माछा मुखियाको फर्मबाट बिक्री हुने गरेको छ ।भारतको विभिन्न जिल्ला मधुवनी, दभंगा लगायतका ठाउँबाट मानिसहरु फर्ममै आएर माछा किन्ने गरेको मुखियाको भनाइ छ ।

सिलभर, बिग्हेट, नैनी, ग्रास, भाकुरा, कमल कार्पलगायतका विभिन्न जातका माछा र माछाका भूराको उत्पादन र बिक्री हुने गरेको छ । त्यहाँबाट उत्पादित माछा र भूरा पूर्वमा मेचीदेखि पश्चिमका जिल्लाहरुको बिक्रेताहरु किन्न आउने गरेको उनका छोरा रमेश मुखियाले बताए ।

कक्षा ८ सम्म पढेका बौएलाल मुखिया माछा पालनको क्षेत्रमा देशभरि ब्राण्ड बनेका छन् । मुखियाले नेपाल सरकारबाट भारत र बंगलादेशसमेत भ्रमण गरेका छन् ।

२०४८ साल तिर ह्याचरी बनाउन नेपाल सरकारले २५ हजार आर्थिक सहयोग गरेको स्मरण गर्दै मुखियाले गुनासो गरे प्रदेश सरकारले हालसम्म कुनै अनुदान दिएको छैन । देशभरिबाट किसानहरु यहाँ आएर माछा उत्पादन सम्बन्धी ज्ञान हासिल गर्ने गरेका छन् ।

माछाको दानामा सिद्रा चाहिने गरेको र भारतबाट ल्याउँदा बढी भन्सार लाग्ने गरेकोले सो भन्सार छुट हुनुपर्ने, यस क्षेत्रलाई माछा सुपर जोन घोषणा गर्नुपर्ने, सरकारले माछा पालक गर्ने किसानलाई माछा ढुवानी अनुदानमा गाडी उपलब्ध गराउनुपर्ने तथा व्यवसायीलाई प्रोत्साहन गर्न सरकारले पोखरीहरुमा अक्सीजन प्लान्ट लगाउनुपर्ने माग मुखियाको छ । मुखियाले माछा व्यवसायीबाट राम्रो प्रगति हासिल गरेको देख्दा अन्य किसानहरु पनि माछा व्यवसाय गर्न हौसिएका छन् ।

नेपाली कांग्रेस नेता तथा सो क्षेत्रका सासद रामकृष्ण यादव कृषि मन्त्री भएको बेला सो क्षेत्रलाई लक्षित गरी यदुकोहामा माछा सुपर जोन कार्यालयको शिलान्याससमेत गरिएको थियो । तर कांग्रेस नेतृत्वको सरकार ढलेपछि उक्त कार्यालय जनकपुर सारिएपछि सो क्षेत्र माछा सुपर जोन हुनबाट वञ्चित भएको वडा अध्यक्ष तथा मुखिया कान्छो छोरा रमेश मुखियाले बताए ।

# कर्मचारी आन्दोलनमा



टुडे समाचारदाता

राजविराज । तीन दिन अघि सेवाबाट हटाइएका राजविराज नगरपालिकाका दैनिक तथा मासिक ज्यालादारी कर्मचारी आन्दोलनमा उत्रेका छन् ।

मासिक एक करोड भन्दा बढी रकम तलबमै खर्च हुन थालेपछि नगरपालिकाले शुक्रबारदेखि लागु हुने गरी एकैसाथ ६९ कर्मचारीलाई हटाएको थियो ।

आइतबार कार्यालय खुल्नासाथ नाराबाजी गर्दै सेवाबाट हटाइएका कर्मचारीहरु कार्यालय प्रवेशद्वार नजिकै धर्ना बसेका थिए ।

उनीहरुले आफूहरुसँग कुनै छलफल र जानकारीसमेत नदिइ एक्कासी सेवाबाट हटाइएको सूचना जारी गरेर नगरपालिकाको व्यवस्थापन पक्षले अन्याय गरेको बताएका छन् ।

धर्नामा बसेकी अर्निका कुमारी यादवले पुनःनियुक्ति नगरेसम्म धर्ना जारी रहने बताइन् । उनी विगत ८ वर्षदेखि नगरपालिकाको सामाजिक शाखामा मासिक ज्यालादारीमा कार्यालय सहायक पदमा काम गर्दै आएकी थिइन् ।

सेवाबाट हटाइएका मध्ये २० वर्षदेखि मासिक ज्यालादारीमा काम गर्दै आएका कर्मचारीसमेत परेको धर्नामा बसेका अर्का पूर्वकर्मचारी लव मण्डलले सुनाए । उनी ६ वर्षदेखि नगरपालिकाको बिजुली सडकबती फाँटमा कार्यरत थिए ।

२० वर्षदेखि मासिक ज्यालादारीमै काम गर्दै आएका सत्रुधन यादवले एक्कासी सेवाबाट हटाउँदा बिचल्लीमा परेको गुनासो पोखे ।

"अब अर्को ठाउँमा जागिर गर्ने उमेर पनि रहेन, उनले भने, नगरपालिकाको पछिल्लो निर्णयले घर न घाटको बनाएको छ ।"

उनले पुनः नियुक्ति नगरिए आन्दोलनको थप सशक्त कार्यक्रम लिएर अघि बढ्ने तयारी भइरहेको जानकारीसमेत दिए ।

यसैबीच नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाइ समिति राजविराजले प्रेस विज्ञप्तिमार्फत कर्मचारी आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन् ।

समितिका अध्यक्ष कल्पना देवद्वारा जारी विज्ञप्तिमा नगरपालिकाको सो निर्णयको घोर भर्त्सना गर्दै नगरपालिकाबाट सहज, सरल र छिटो छरितो सेवा प्रदान गर्न तथा लामो समयदेखि काम गरेका कर्मचारीको जीवनयापनको खयाल गरी अविलम्ब सेवाबाट हटाइएका कर्मचारीहरुको पुनःनियुक्ति हुनुपर्ने माग गरिएको छ ।

यस्तै, राजविराज नगरपालिकाका निवर्तमान नगर प्रमुख शम्भु प्रसाद यादव तथा निवर्तमान वडा नं. ६ का अध्यक्ष प्रेम कुमार यादवले छुट्टाछुट्टै प्रेस विज्ञप्तिमार्फत कर्मचारीको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै नगरपालिकाद्वारा सेवाबाट हटाइएका कर्मचारीहरुलाई अविलम्ब बहाली गर्नुपर्ने माग गरेका छन् ।

# पीडित परिवारलाई आर्थिक सहयोग

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिका -९ सिमरदही गाउँबाट वैदेशिक रोजगारीको लागि खाडी मुलुक कतारमा गएका एक व्यक्तिको मृत्यु भएपछि उनीसँग काम गर्ने साथीहरुले पीडित परिवारलाई आर्थिक सहयोग गरेका छन् ।



मटिहानी- ९ सिमरदहीका राजकिशोर पासवान वैदेशिक रोजगारीमा कतार स्थित प्रतिष्ठित कम्पनी SIX CONTRUCT हाल परिवर्तित नाम MIC CONTRUCT मा काम गरिरहेकोमा उनी विदामा घर आएको बेला उनको मृत्यु भएको छ ।

वैदेशिक रोजगारीमा राजकिशोरसँग काम गरेका साथीहरुले आफूहरुसँग काम गर्ने साथीको घरमा अचानक मृत्यु भएको खबर पाएपछि उनका पीडित परिवारलाई कतारमा अझै काम गरेर बसिरहेका साथीहरुले आर्थिक सहयोग पठाएका छन् ।

विदेशमा साथीहरुमध्ये अरुण दाहालको संयोजकत्वमा साथीहरु तुला अधिकारी, शशि शर्मा, भक्त बहादुर सार्की, भोला पंडित, नरेश चौधरी, राजेन्द्र चौधरी, रामगुलाम मुखिया, रामपृत मण्डल, दाशु घिमिरे, दुखी माझी, डम्बर जोशी, प्रेम राइ, केशव बुढा, छबिलाल दाहाल, राजनारायण यादव, रामपृत साह तेली सहितकाले सबै साथीहरुले सहयोग रकम १ लाख ५ हजार जम्मा गरेर राजकिशोरको पीडित परिवारलाई सहयोग गरेका छन् ।

विदेशबाट साथीहरुले विदामा घर आएका अर्का साथी रामपृत साह तेलीमार्फत सहयोग रकम लाख ५ हजार पीडित परिवार राजकिशोरकी पत्नी रेणु कुमारीलाई प्रदान गर्न लगाइएको छ ।

रामपृत साह तेलीले पीडित परिवारको सहयोगको लागि विदेशबाट रकम मगाउन जलेश्वर नगरपालिका - २ का वडा अध्यक्ष बरुण कुमार दाहालको साथ सहयोग लिएर पैसा मगाएर आइतबार दिउँसो जलश्वर नगरपालिका -२ कै कार्यालयमा वडा अध्यक्ष बरुण कुमार दाहालकै अध्यक्षता तथा आफ्नो उपस्थितिमा सहयोग रकम रु.१ लाख ५ हजार पीडित परिवार राजकिशोरकी पत्नी रेणु कुमारी पासवानलाई सहयोग रकम प्रदान गरिएको छ ।

# निःशुल्क विद्युत मिटर वितरण

टुडे समाचारदाता

जनकपुरधाम । पिछडिएका तथा आर्थिक रुपमा विपन्न घरपरिवारलाई नेपाल विद्युत प्राधिकरणले निःशुल्क विद्युत मिटर वितरण गरेको छ ।

प्राधिकरणले मधेश प्रदेशको महोत्तरीको गौशाला र धनुषाको धनुषाधाम वितरण केन्द्र अन्तर्गत बसोबास गर्ने विपन्न वर्गका घरपरिवारलाई निःशुल्क विद्युत मिटर वितरण गरेको छ ।



मुलुकभर रहेका आफ्ना वितरण केन्द्रहरुमार्फत विपन्न वर्गलाई प्राधिकरणले निः शुल्क मिटर उपलब्ध गराएर विद्युत जडान गर्दै आएको छ ।

विपन्न वर्गले प्राधिकरणको मापदण्ड अनुसारको ५-३० एम्पिएर क्षमताको बक्ससहितको सिंगल फेज इनर्जी मिटर, एमसीबी बक्स निःशुल्क पाउनेछन् ।

प्राधिकरणले मिटर जडानका लागि सेवा शुल्क लिँदैन । मिटरको एक हजार ९ सय ३५ रुपैयाँ, एमसीबीको मूल्य, अधिकतम २ वटा पोल (करीब १ सय मिटर)सम्मको सर्भिस केबल, जडान गर्दा लाग्ने सेवा शुल्कसहित नयाँ मिटर जडान गर्दा प्रति घरपरिवार १२ हजार देखि १५ हजार रुपैयाँ खर्च हुन्छ ।

गौशाला र धनुषाधाम वितरण केन्द्रअन्तर्गतका क्रमश ६८ र १६२ विपन्न घरपरिवारलाई निःशुल्क मिटर वितरण गरिएको छ ।

मधेश प्रदेशका ८ वटा जिल्लामा प्राधिकरणका १० लाख ४४ हजार ग्राहकमध्ये ग्राहस्थ ग्राहकको संख्या ९ लाख ३४ हजार छ ।

यसमध्ये घरमा पाँच एम्पियरको सिंगल फेज मिटर राखी मासिक रुपमा ३० रुपैयाँ तिर्ने र २० युनिट विद्युत निःशुल्क पाउने ग्राहकको संख्या २ लाख रहेको छ ।

# चोरीको सामानसहित एक पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामबाट चोरीको सामानसहित एकजना पक्राउ परेका छन् ।



जनकपुरधाम उपमहानगरपालिका- १२ हनुमान नगर स्थितबाट स्थानीयको सहयोगमा प्रहरी चौकी हनुमाननगरबाट सादा पोशाकमा खटेको टोलीले सामानसहित एकजनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

पक्राउ पर्नेमा २३ वर्षीय राजेश मण्डल रहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

प्रहरीले युवकको साथबाट मोबाइल २ थान, नेपाली रु २ हजार, भारतीय रु ८७०, चाँदीको पाउजु २ थान, कानमा लगाउने मुन्द्रा १ थान र पर्स १ थानसहित चोरी गरी भाग्दै गरेको अवस्थामा युवकलाई नियन्त्रणमा लिएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# किशोरीको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको बसबरिया गाउँपालिकामा केही दिनअघि गर्भपतन गराएकी एक १६ वर्षीया किशोरीको उपचारका क्रममा आइतबार मृत्यु भएको छ ।

बसबरिया गाउँपालिका-२ मानपुरका महेन्द्र सहनीकी अविवाहित छोरी १६ वर्षीया किरण कुमारीको उपचारका क्रममा आइतबार प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको छ । किरण कुमारीले केही दिनअघि गाउँकै एक क्लिनिकमा पुगेर गर्भपतन गराउने औषधि खाएकी थिइन् ।

करीब छ महिनाको गर्भ रहेकोमा गर्भपतनको औषधि खाएपछि अत्यधिक रक्तश्राव भइ उपचारका लागि जेठ २१ गते राति २ बजेतिर उनलाई प्रादेशिक अस्पताल मलङ्गवामा लगियो । अस्पतालमा ल्याएर पनि रक्तश्राव नरोकिएको र बिरामीको अवस्था थप जटिल बन्दै गएको भन्दै मलङ्गवा अस्पतालले उनलाई तत्कालै जनकपुर रेफर गर्यो ।

जनकपुरमा उपचारका क्रममा जेठ २३ गते शल्यक्रिया गरी किरण कुमारीको गर्भबाट मृत अवस्थाको शिशु (छोरा) निकालियो । त्यसपछि पनि प्रादेशिक अस्पतालको आइसियू कक्षमा उपचाररत् किरण कुमारीको आइतबार दिउँसो मृत्यु भएको छ ।

किरण कुमारीको मृत्यु भएको भनी प्रादेशिक अस्पताल जनकपुरले जानकारी गराएको प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर नवलकिशोर झाले बताए ।

इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख (डीएसपी) मकेन्द्रकुमार मिश्रले घटनाबारे जानकारी प्राप्त भएको र पीडित परिवार सम्पर्कमा आएपछि थप अनुसन्धान अघि बढाइने बताए ।

डीएसपी मिश्रले मृतक महिलाको पोष्टमार्टम गरिदिन र आवश्यक कागजात उपलब्ध गराइदिन भन्दै प्रादेशिक अस्पताल जनकपुरलाई पत्राचार गरिसकेको बताए ।

बेटी पढाउ, बेटी बचाउ अभियान

प्रदेशमा शिक्षाको स्तर कमजोर रहेको यथार्थलाई आत्मसात् गर्दै मधेश प्रदेश सरकार मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान सञ्चालन सञ्चालन हुँदैआएको छ । छोरीहरुलाई विद्यालय पठाई सशक्तिकरणको माध्यमले लोककल्याणकारी राज्यको अवधारणा अनुरुप विभेदमूक्त सामाजिक न्याय स्थापना गर्न छोरा र छोरी बीचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले अभियान अन्तर्गत विभिन्न गतिविधिहरु सञ्चालन हुँदैआएको छ ।

यस अभियानमा हामी सबै आ–आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८